# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३३४ | काठमाडौं | आइतबार, १७ चैत २०८१ | Prabhab National Daily | Sunday, March 30, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## पत्रकार र सञ्चारगृहमाथिको आक्रमणविरूद्ध आन्दोलन



**शनिबार माइतीघर मण्डलमा आयोजित विरोधसभामा सहभागी पत्रकारहरू ।**
*तस्बिर: रासस*

- तीनकुने घटनाको भर्त्सना गर्दै देशव्यापी विरोध प्रदर्शन
- मृतक पत्रकार रजकलाई न्याय दिलाउन महासंघ प्रतिबद्ध
- आज कार्यस्थलमा कालोपट्टी बाँधेर काम गर्न महासंघको आह्वान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल पत्रकार महासंघले शुक्रबार राजावादी आन्दोलनका क्रममा पत्रकारको हत्या तथा सञ्चारगृहमाथि भएको आक्रमणको भर्त्सना गर्दै विरोध प्रकट गरेको छ । महासंघको शनिबार बसेको उपलब्ध केन्द्रीय समितिको आकस्मिक बैठकले शुक्रबारको घटनामा क्षति पुऱ्याइएका सञ्चारगृहको अनुगमन, घाइते सञ्चारकर्मी र हराएका सञ्चार सामग्रीको विवरण संकलन गर्ने, आइतबार कार्यस्थलमा कालोपट्टी बाँधेर काम गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्ने निर्णय गरेको छ ।

बैठकपछि जारी विज्ञप्तिमा महासंघले घटनाका सम्बन्धमा सोमबार केन्द्रीय समिति, प्रदेश समिति र शाखामार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने र मंगलबार सरोकारवाला संगठनसँग छलफल गर्ने निर्णय गरेको जनाएको छ ।

समाचार संकलनका क्रममा ज्यान गुमाएका पत्रकार सुरेश रजक कार्यरत सञ्चारगृह र उनको परिवारसँग छलफल गरी प्रतिवेदन तयार पार्न उपाध्यक्ष उमिदप्रसाद बागचन्दको नेतृत्वमा समिति पनि गठन गरेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

**दलहरूको ठहर**

# ‘हिंसा भड्काउन ज्ञानेन्द्र जिम्मेवार’

- कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादीलगायत दलको निष्कर्ष– शुक्रबारको घटनामा ज्ञानेन्द्र शाह जिम्मेवार
- ज्ञानेन्द्रलाई कारबाही गर्नुपर्ने गणतन्त्र पक्षधर दलहरूको सरकारसँग माग
- ज्ञानेन्द्रलाई पक्राउ गर्न ह्यासट्याग ‘अरेस्ट ज्ञानेन्द्र’
- ज्ञानेन्द्रलाई बदनाम नगर्न माग गर्दै पक्राउ गरेर देखाउन चुनौती
- ज्ञानेन्द्रलाई पक्राउ गरे देखाइदिने राप्रपा अध्यक्ष लिङ्देनको चेतावनी

■ **जेबी योञ्जन**

**काठमाडौं–** गणतन्त्र पक्षधर राजनीतिक दलहरूले पूर्वराजा ज्ञानेन्द्र शाहलाई राजसंस्था पक्षधरहरूले गरेको हिंसात्मक प्रदर्शनका लागि जिम्मेवार ठहर गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, एकीकृत समाजवादीलगायत राजनीतिक दलले शुक्रबारको हिंसात्मक प्रदर्शनमा ज्ञानेन्द्रको भूमिका देखिएको र उनकै योजनाअनुसार प्रदर्शन भएको जनाएका छन् । सोहीकारण हिंसात्मक घटनामा भएको मानवीय र भौतिक क्षतिमा उनैलाई जिम्मेवार बनाउनुपर्ने बताएका हुन् ।

कांग्रेस सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा शनिबार बसेको कांग्रेसको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले आन्दोलन गर्ने समिति ज्ञानेन्द्रले नै बनाएको दाबीसहित सम्पूर्ण



घटनाको जिम्मा उनले लिनुपर्ने निष्कर्ष निकालेको प्रवक्ता डा. प्रकाशशरण महतले प्रभावलाई जानकारी दिए । उनले भने, ‘अराजक अवस्था देखाइयो । त्यसमा समीक्षा गरेर घटनालाई गम्भीर भन्दै भर्त्सना गरेका छौं । निरंकुश शासनतर्फ लैजाने मनसायका साथ योजना बनाइएको छ । जहाँ–जहाँ आक्रमण गर्ने हो योजनाका साथ भएको छ, अन्य कयौं घाइते भएका छन् । यसको सम्पूर्ण जिम्मेवारी पूर्वराजाले लिनुपर्छ । समिति गठन उनले नै गरेका हुन् ।’

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले शुक्रबारको घटना पछाडि ज्ञानेन्द्र नै रहेको दाबी गरेका छन् । उनले ज्ञानेन्द्रलाई छाडा छोड्न नहुने पनि बताए । ‘यही नै समय हो सरकारले कडा कदम चालोस् ।

क्रमशः पृष्ठ २ मा

### ‘अरेस्ट ज्ञानेन्द्र’ अभियान

शनिबार बिहानैदेखि सामाजिक सञ्जालमा ज्ञानेन्द्र शाहलाई पक्राउ गरेर कारबाहीको दायरामा ल्याउन माग गर्दै ह्यासट्याग ‘अरेस्ट ज्ञानेन्द्र’ अभियान चलेको छ । गणतन्त्रपक्षधरले शुक्रबार राजसंस्था पुनर्स्थापनाको माग गर्दै काठमाडौंमा प्रदर्शनका नाममा भएका अराजक गतिविधि र लुटपाटका लागि ज्ञानेन्द्रलाई दोषी ठह्याई कारबाहीको दायरामा ल्याउन उक्त अभियान चलाएका हुन् । ज्ञानेन्द्रले यसअघि ७ फागुनमा पनि ‘बेला आयो, अब सहयोग गर्नुहोस्’ भन्दै आह्वान गरेका थिए । क्रमशः पृष्ठ २ मा

### ज्ञानेन्द्रलाई बदनाम नगर्नू : *राप्रपा*

राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले पूर्वराजा ज्ञानेन्द्रलाई पक्राउ गरेर देखाउन सरकारलाई चुनौती दिएका छन् । ‘राजाको नाम लिएपछि चुनाव जित्न सजिलो हुन्छ भनेर राजा चाहिन्छ भनेको होइन । त्यसकारणले राजा जसले बोके पनि हुन्छ, जसले ल्याए पनि हुन्छ भनेर हामीले बारम्बार भनिरहेका छौं र हामीले कुनै व्यक्तिगत फाइदा र व्यक्तित्व विकासको प्रयोजनका लागि राजसंस्था चाहिन्छ भनेको होइन,’ उनले भने । क्रमशः पृष्ठ २ मा

### ज्ञानेन्द्रको सुरक्षार्थ खटिएका सशस्त्रको सेट नै फेरियो

**काठमाडौं (प्रस)–** पूर्वराजा ज्ञानेन्द्रको सुरक्षार्थ खटिएको सशस्त्र प्रहरी बलको सेट परिवर्तन गरिएको छ । प्रहरी नायव उपरीक्षक (डिएसपी) जगदिश हमाल नेतृत्वको सुरक्षा टिमलाई फिर्ता बोलाइएको हो । अर्को नयाँ टोली ज्ञानेन्द्रको सुरक्षार्थ परिचालन गरिएको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार नयाँ टोली सशस्त्रका डिएसपी प्रमोद पाठकको नेतृत्वमा परिचालन गरिएको छ ।

भिभिआइपी सुरक्षा कार्यविधिअनुसार ज्ञानेन्द्रले सशस्त्र प्रहरी बलको पछुवा गाडीसहित १५ जना र नेपाल प्रहरीका दुई जना सुरक्षाकर्मी पाउने गरेका छन् । शुक्रबार तीनकुनेमा भएको हिंसात्मक आन्दोलनमा मुख्य जिम्मेवार ठहर गर्दै उनीमाथि कारबाही तयारी अगाडि बढाइएको छ । सरकारले उनको राहदानी रद्द गर्ने प्रक्रियासमेत अगाडि बढाइसकेको स्रोतले बताएको छ ।

#### काठमाडौंमा बोलाइयो थप प्रहरी

तीनकुने हिंसापछि नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले शान्ति सुव्यवस्था कायम राख्न र जनताको जीउधनको सुरक्षा गर्न नेपाल प्रहरी प्रतिबद्ध भएको बताएका छन् । क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# अभिमुखीकरण तालिमका लागि छुट्याइयो छ वटा देशगत समूह

- एउटा व्यवसायीले बढीमा दुई समूहमा तालिम सञ्चालन पाइने
- दुईवटा क्लस्टर दिन ‘चलखेल’ भएको अभिमुखीकरण व्यवसायी महासंघको आरोप

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जानुपूर्व दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिम सञ्चालन गर्न छुट्याइएको छ वटा क्लस्टर (समूह)मा पर्ने देशहरूको सूची सार्वजनिक गरेको छ । विभागले क्लस्टर कार्यान्वयनबारे यसअघि नै नीतिगत निर्णय गरिसकेको भए पनि शुक्रबार पूर्णसूची सार्वजनिक गरेको हो ।

गन्तव्य मुलुकलाई मलेसिया, जिसिसीमा आबद्ध देशहरू, जिसिसिमा आबद्ध नभएका देशहरू, जापान र दक्षिण कोरिया, इजरायल र युरोपका देशहरू भनेर छ वटा समूहमा विभाजन गरिएको छ । जिसिसीमा आबद्ध देशमा साउदी अरब, युएई, कतार, ओमान, बहराइन र कुवेत रहेका छन् । एसिया, अफ्रिका र अमेरिका महादेशका देशहरू जिसिसीमा आबद्ध नभएका देशको समूहमा रहेका छन् ।

विभागले अभिमुखीकरण तालिम सञ्चालन गर्न इच्छुक संस्थाहरूलाई क्लस्टर छनोट वा परिवर्तन गर्नका लागि सात दिनको समय दिएको छ । साथै एकभन्दा बढी क्लस्टरमा तालिमसञ्चालन गर्न चाहने अभिमुखीकरण तालिमप्रदायक संस्थाले पनि विभागमा निवेदन दिन सक्ने छन् ।

यसका लागि विभागले अनुगमन गर्दा आवश्यक जनशक्ति र पूर्वाधार भएको खण्डमा बढीमा दुईवटा क्लस्टरमा तालिम सञ्चालन गर्न अनुमति दिने जनाएको छ । विभागले यसअघि पुस २२ मा नै सूचना निकालेर माघ १ गतेबाट क्लस्टरअनुसार अभिमुखीकरण तालिम सञ्चालन हुने भन्दै सात दिनभित्र क्लस्टर छनोट गर्न सूचना निकालेको थियो।त्यसपछि मुलुकभरमा २४३ वटा संस्थाले क्लस्टरअनुसार नै तालिम सञ्चालन गरिरहेको व्यवसायीहरूले बताएका छन् ।

#### चलखेलको आशंका

विभागको सबै काम स्वागतयोग्य भए पनि एउटा व्यवसायीलाई दुई वटा क्लस्टर दिने विषय शंकास्पद भएको नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले बताए । कानुनमा एउटा संस्थालाई एउटा क्लस्टर दिने व्यवस्था भएकोमा स्वार्थ समूहको प्रभावमा परेर दुईवटा क्लस्टर दिने चलखेल भएको उनको भनाइ छ ।

‘पहिला सबै व्यवसायीलाई सबै क्लस्टर दिइएको थियो । अहिले संसदीय कार्यविधिले एउटामात्र क्लस्टर चलाउन पाउने भनेर देश छान्नका लागि समय दिएको छ, तर चलखेल भएरै दुईवटा दिने भनेर बुझिसकियो,’ अध्यक्ष गौतमले भने, ‘दुईवटा क्लस्टर लिन पाएपछि अर्काको काममा पनि आँखा लगाउन पाइयो, सबै चलखेल त हो नि ! कानुनमै नभएको कुरा लागू हुन्छ भने ‘कन्फ्लिक्ट अफ इन्ट्रेस्ट’ले नै हो ।’

#### इजरायल कसैले नरोजेपछि समस्या

विभागका अनुसार सबैभन्दा धेरै अभिमुखीकरण प्रदायक संस्थाले खाडी मुलुक छानेका छन् भने इजरायल कसैले पनि छानेका छैनन् ।

क्रमशः पृष्ठ २ मा


हार्दिक निमन्त्रणा

आदरणीय व्यवसायीज्यूहरू

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ साल चैत्र २९ गते हुन गईरहेको नयाँ कार्यसमिति चयन सहितको ३१औं साधारण सभाका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका तर्फबाट भूवन सिंह गुरूङ को नेतृत्वमा चयन गरिएको टिमको

उम्मेदवार घोषणा सभा

तल उल्लेखित मिति स्थान र समयमा हुने भएकोले सम्पूर्ण व्यवसायीज्यूहरूलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मिति : २०८१/१२/१७ गते, आइतवार
स्थान : अनुपम फुडल्याण्ड, बत्तिसपुतली, काठमाडौं
समय : साँझ ठिक ३ बजे

तिलक बहादुर रानाभाट
संयोजक
निर्वाचन परिचालन मूल समारोह समिति

नेपाली कांग्रेसको शुभेच्छुक संस्था
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
NEPAL DEMOCRATIC FOREIGN EMPLOYMENT ENTRERPRENEURS ASSOCIATION (NDFEEA)
नयाँबानेश्वर, काठमाडौ । फोन नं. ९७४५९४५८१८, ०१–४५६६४२८





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
नि:सन्तनपन सम्बन्धि उपचार
HARDIK IVF and Fertility Center
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

## हिंसा भड्काउन...

अपराधीहरू सबैलाई छानबिन गरेर कारबाहीको दायरामा ल्याओस् र ज्ञानेन्द्र शाहलाई पनि छाडा हुने छुट दिन सकिँदैन,' उनले भने । माओवादी उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले विज्ञप्ति जारी गर्दै प्रदर्शनका कमाण्डर प्रसाईंले नै आफूले बिहीबार ज्ञानेन्द्रसँग भेटेको कुरा सार्वजनिक गरेका कारण पूर्वराजा ज्ञानेन्द्रको योजनामा घटना भएको देखिने दाबी गरेका छन् ।

यसअघि नेकपा एमालेले ज्ञानेन्द्रका समर्थकले गरेको प्रदर्शन उद्दण्ड, अराजक र हिंसात्मक भएको भन्दै ज्ञानेन्द्रलाई घटनामा जिम्मेवार बनाउनुपर्ने जनाएको थियो । उक्त दलका मुख्य सचेतक महेश बर्तौलाले ज्ञानेन्द्रको सुविधा फिर्ता लिने संकेत गरे । 'राज्यकै विरुद्धमा, प्रणाली र लोकतन्त्रकै विरुद्धमा र संविधानकै विरुद्धमा त्यस्तो खालको गतिविधि गर्ने अराजकता मच्चाउने, यस्तो योजना बनाउने र षडयन्त्र गर्ने व्यक्ति वा संस्थालाई राज्यले सुविधा दिनुपर्छ भन्ने कुरा सैद्धान्तिक रूपमा पनि मेल खाँदैन,' उनले भने । उनले वारेस दिएर खटाइएका पात्रमात्रै घटनामा जिम्मेवार नबन्ने भन्दै वारेस दिने पनि घटनामा जघन्य फौजदारी कसूरमा कारबाहीको दायरामा ज्ञानेन्द्रलाई ल्याउनुपर्ने बताए । शुक्रबारको भौतिक तथा मानवीय क्षतिमा ज्ञानेन्द्रलाई उन्मुक्ति दिन नहुने बर्तौलाले बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तीनकुनेमा राजावादीहरूको प्रदर्शनबाट घटेको घटनामा उच्च न्यायिक छानबिन आयोग गठन गर्न सरकारसँग माग गरेको छ । अन्तिम राजा ज्ञानेन्द्रको भूमिकामाथि पनि अनुसन्धानका लागि सरकारसँग माग गरेको छ । घटनामा संलग्न ज्ञानेन्द्र नै भए पनि कानुनी दायराभित्र ल्याएर यथोचित कारबाही गर्न माग गरेको छ ।

माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले यसअघि नै ज्ञानेन्द्र शाहले हिंसा गर्न उक्साएको भन्दै उनलाई अनुसन्धानको दायरामा ल्याउन माग गरेको छ । सरकारको भूमिकामाथि पनि उक्त दलले प्रश्न गरेको छ । नेकपा मसाल, क्रान्तिकारी माओवादी, नेकपासहितका विभिन्न दलले पनि घटनामा जिम्मेवार ज्ञानेन्द्र भन्दै उनलाई कानुनी दायरामा ल्याउन माग गरेका छन् ।

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले पनि तीनकुने घटनाको अनुसन्धान गरी संलग्नमाथि कारबाही गर्न माग गरेको छ । नेपाल बार एसोसिएसनले एक विज्ञप्ति जारी गरी घटनाको निष्पक्ष छानविन र अनुसन्धान गर्न माग गरेको हो । 'दोषीलाई कानुन बमोजिम हदैसम्मको सजायको निमित्त राज्य पक्षसँग जोडदार माग गर्दछौं,' महासचिव अञ्जिता खनालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

### गृहमन्त्रीले गरे अनुगमन

गृहमन्त्री रमेश लेखकले शुक्रबारको घटनामा क्षति भएका स्थानहरूको शनिबार अनुगमन गरेका छन् । अनुगमनका क्रममा पत्रकारहरूसँग कुरा गर्दै उनले तोडफोड र आगजनीका घटना आपराधिक चरित्रका देखिएको प्रतिक्रिया दिए । उनले भने, 'छानी-छानी गणतन्त्रवादी विचार राख्ने नेता र पार्टी कार्यालयमा आक्रमण भएको छ, मानिस घरभित्र छ भन्ने थाहा पाउँदा पाउँदै बाहिरबाट आगो लगाइएको छ ।' उनले कानुनबमोजिम घटनामा संलग्न जोकोहीविरुद्ध अनुसन्धान गरेर कारबाही हुने बताए ।

■■■

## 'अरेस्ट ज्ञानेन्द्र'...

त्यसपछि राजसंस्थापक्षधरहरू अराजक भएर शुक्रबारको प्रदर्शनमा प्रस्तुत भएका थिए । त्यस क्रममा एक पत्रकार र एक आन्दोलनकारीको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए । सरकारी तथा निजी सवारीसँगै पार्टी कार्यालय, सञ्चार गृह, व्यावसायिक भवनलगायतमा आगजनी र तोडफोडका घटना भएको थियो । सोही हिंसात्मक प्रदर्शनका योजनाकार ज्ञानेन्द्रलाई मानिएको छ । त्यस आधारमा सामाजिक सञ्जालमा उनलाई पक्राउ गर्न अभियान चलेको हो ।

आन्दोलनमा प्रदर्शनकारीहरूलाई उक्साएर हिंसा भड्काएको आरोपमा राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर जबरा, आन्दोलनका प्रवक्ता स्वागत नेपालसहित १११ जना राजसंस्था पक्षधरहरू पक्राउ परेका छन् । पूर्वराजाको समर्थनमा भएको प्रदर्शनका क्रममा आक्रमण, तोडफोड, आगजनी र लुटपाटमा संलग्न रहेका र घटना घटाउन उक्साउनेसहित १११ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए । उनका अनुसार शुक्रबार १०५ जनालाई पक्राउ गरिएको थियो भने शनिबार थप छ जना पक्राउ परेका हुन् ।

प्रहरी परिसर काठमाडौंले २५, प्रहरी वृत्त बानेश्वरले २५, प्रहरी वृत्त गौशालाले नौ, प्रहरी प्रभाग कोटेश्वरले ४६, प्रभाग गोंगबुले तीन, प्रहरी वृत्त बालाजुले एक, प्रहरी वृत्त सिंहदरबारले दुई जनालाई पक्राउ गरेको उनले जानकारी दिए । उक्त घटनामा दुई जनाको मृत्यु भएको जनाउँदै प्रहरी प्रवक्ता बोहराले नेपाल प्रहरीतर्फ ५५, सशस्त्र प्रहरीतर्फ २२ र प्रर्दशनकारीतर्फ ५१ जना घाइते भएका उल्लेख गरे । तीमध्ये प्रहरी र प्रदर्शनकारीसहित २१ जनाको विभिन्न अस्पतालमा उपचार जारी रहेको काठमाडौं प्रहरीले जनाएको छ । आन्दोलनका कमाण्डर दुर्गा प्रसाईं भने फरार छन् । आन्दोलनका संयोजक नवराज सुवेदीलाई उनकै घरमा नियन्त्रणमा राखेको छ ।

■■■

## ज्ञानेन्द्रको...

उनले शनिबार प्रहरी प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यमबाट प्रहरी कर्मचारीहरूलाई आ-आफ्नो क्षेत्रमा कुनै पनि आपराधिक क्रियाकलापका घटनाहरू हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिए ।

आपराधिक गतिविधिको सूचना संकलन तथा विश्लेषण गरी आवश्यक सुरक्षा रणनीति एवं प्रभावकारी प्रहरी परिचालनमा कटिबद्ध हुनसमेत उनको निर्देशन छ । यस्तै, आन्दोलन थप हिंसात्मक हुन सक्ने सुरक्षा विश्लेषण गरेर प्रहरी प्रधान कार्यालयले उपत्यका बाहिरबाट थप फौज मगाएको छ । बागमती प्रदेशमा रहेका प्रहरी युनिटहरूबाट ठूलो संख्यामा प्रहरीलाई काठमाडौं झिकाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । यस्तै, व्यवस्था उल्टाउने भन्दै ज्ञानेन्द्र शाहको समर्थनमा काठमाडौंको तीनकुनेमा गरिएको प्रदर्शनका कमाण्डर प्रसाईंको खोजी कार्य प्रहरीले तीव्र पारेको छ ।

राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले शुक्रबार आयोजना गरेको प्रदर्शन हिंसात्मक बनेसँगै उनी कार्यक्रमस्थलबाट भागेका थिए । प्रहरीले तीनकुनेको मञ्चमा अश्रुग्यास प्रहार गरेपछि गैरीगाउँको पेट्रोल पम्प नजिकैको घरको सटरमा पसेका प्रसाईं स्कोर्पियो चढेर त्यहाँबाट हिँडेको पाइएको प्रहरीले जनाएको छ ।

उनको खोजीमा प्रहरीका तीन युनिट खटिएका छन् । उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला पहरी परिसर काठमाडौं र प्रहरी प्रधान कार्यालयको टोलीले उनको खोजी तीव्र बनाएका हुन् । अनुसन्धान अधिकारीहरूले प्रसाईं चक्रपथ हुँदै ललितपुरतर्फ लागेको थाहा भएको जनाएका छन् । उनी ललितपुरमा लुकेको आशंका अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूले गरेका छन् ।

■■■

## ज्ञानेन्द्रलाई...

उनले पार्टी बैठकपछि पत्रकारहरूसँग भने, 'त्यसकारण मलाई कुनै टिप्पणी गर्नु छैन र राजालाई विवादमा तान्नु हुन्न भन्ने कुरामा अहिले पनि प्रस्ट छु । राजालाई एरेस्ट गरेर देखाउनु अनि शक्ति हामी देखाउँछौं ।'

उनले ज्ञानेन्द्रलाई कुनै विवादमा तान्नु नहुने बताए । बरु, उनले तीनकुनेमा भएको प्रदर्शनमा सरकारले हिंसा भड्काएको आरोप लगाए । राप्रपाले पक्राउ परेका आफ्ना नेताद्वय रवीन्द्र मिश्र र धवलशमशेर राणालाई २४ घण्टाभित्र रिहा गर्न पनि अल्टिमेटम दिएको छ । राप्रपा नेपालका अध्यक्ष कमल थापाले पनि तीनकुने हिंसामा ज्ञानेन्द्रलाई नजोड्न चेतावनी दिएका छन् ।

यता पूर्वपञ्च नवराज सुवेदी संयोजक रहेको राजसंस्था पुनर्स्थापना पक्षधरले गठन गरेको संयुक्त जनआन्दोलन समितिले शुक्रबारको घटनासँग जोडेर ज्ञानेन्द्रलाई बदनाम नगर्न चेतावनी दिएको छ । सुवेदीले विज्ञप्ति जारी गर्दै भने, 'श्री ५ महाराजाधिराजलाई समेत बदनाम गराउने र घटनामा संलग्नता देखाउने उद्देश्यले नजरबन्द गर्ने वा पक्राउ गर्ने भन्ने तयारी भइरहेको समाचारहरू बाहिर आएको छ ।'

उनले त्यस्तो कदमको प्रतिवाद गर्ने चेतावनी दिए । शुक्रबारको प्रदर्शन कसैको इसारामा नभएको उनको दाबी छ । 'जनताद्वारा गरिने जनआन्दोलन कुनै पनि नेताको इसारामा चल्दैन । जनचाहना र जनविद्रोहबाट उत्पन्न हुने आन्दोलनको अगुवाइ र नेतृत्व जनताले नै गर्छन्,' ज्ञानेन्द्रको भूमिका अस्वीकार गर्दै भने । सुवेदी आफ्नै घरमा प्रहरी नियन्त्रणमा रहेका छन् ।

■■■

## अभिमुखीकरण...

इजरायलमा व्यक्तिगत श्रम स्वीकृति लिएर थोरै मात्र श्रमिक रोजगारीमा जाने भएकाले कुनै पनि व्यवसायीले काम गर्न नमान्दा पुनः सूचना निकालिएको विभागको भनाइ छ ।

'जिटुजीमार्फत इजरायल जानेलाई सरकारले तालिम दिइरहेको छ । इजरायलको क्लस्टर कुनै पनि संस्थाले छानेनन् । तर इजरायल त व्यक्तिगतरूपमा पनि जान्छन् । जानेहरू थोरै संख्यामा भए पनि अभिमुखीकरण दिनुपर्‍यो,' विभागका निर्देशक छवि पौडेलले भने, 'इजरायल जाने एक महिनामा तीन-चार जनामात्र हुँदा रहेछन् । त्यही भएर समस्या आयो । त्यसैले यो अप्ठ्यारोलाई सन्तुलन गर्न दुईवटा क्लस्टर दिन खोजिएको हो ।'

अर्कोतर्फ अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि,२०७६ को दोस्रो संशोधनमा एकपटकमा एउटा क्लस्टर भनिएको तर एउटा संस्थालाई कतिवटा क्लस्टर दिने भन्ने स्पष्ट व्यवस्था नभएकाले व्यवसायीको प्रभावमा दुईवटा क्लस्टर दिन खोजियो भन्नु गलत भएको उनको भनाइ छ । कार्यविधिको परिच्छेद-२ मा 'अभिमुखीकरण देशगत समूहअनुसार सञ्चालन गर्नुपर्ने' भनेर मात्र लेखिएको छ । 'कार्यविधि पहिलोचोटि बनाएकाले यस्ता विषयमा ध्यान दिइएन, अहिले कार्यान्वयन गर्ने बेलामा थाहा भयो समस्या छ भनेर । व्यवसायीको व्यावसायिक पक्षलाई पनि मध्यनजर गर्नुपर्छ । समस्या भएका विषयलाई व्यावहारिक बनाउँदै लैजानुपर्छ,' निर्देशक पौडेलले भने ।

■■■

## पत्रकार हत्या...

उक्त समितिका सदस्यहरूमा महासंघका सचिवहरू रमेश खतिवडा, सोनी शर्मा, प्रकाश धौलाकोटी र वैकुण्ठराज पराजुली रहेको महासंघका महासचिव रामप्रसाद दाहालले जानकारी दिए । महासंघले शुक्रबार भएको आन्दोलनमा सहभागी अराजक समूहले लगाएको आगोमा जलेर एक जना पत्रकारको मृत्यु भएको, विभिन्न सञ्चारगृहमा आगजनी र तोडफोड गरिएको, पत्रकार घाइते भएको र सञ्चार सामग्री हराएको घटनाको विरोधमा आज देशव्यापी विरोध प्रदर्शनसमेत गरेको छ ।

पत्रकार रजकप्रति श्रद्धाञ्जली

राजावादीहरूको हिंसात्मक आन्दोलनमा परी मृत्यु भएका पत्रकार रजकप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । नेपाल पत्रकार महासंघको अगुवाइमा पत्रकार रजकको मृत्युको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कडा कारबाहीको माग गर्दै शनिबार बिहान माइतीघरमा विरोध प्रदर्शन गरिएको हो ।

शुक्रबार पूर्वराजा समर्थकहरूको समूहले गरेको आन्दोलनको दृश्य कैद गर्न एभिन्युज टेलिभिजनका क्यामेरापर्सन रजक चढेको भवनमा आगो लगाइदिएपछि उनको जलेर मृत्यु भएको थियो । आगलागी नियन्त्रणमा आएपछि रजकको शव जलेको अवस्थामा भेटिएको थियो । पत्रकार महासंघका कार्यबाहक अध्यक्ष दीपक आचार्यले पत्रकारको जिउधनको सुरक्षाका लागि सम्पूर्ण पत्रकारहरू एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए । उनले मृतक पत्रकार रजकलाई न्याय दिलाउन महासंघ निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

विरोध प्रदर्शनमा पत्रकार महासंघका पूर्वअध्यक्षहरू तारानाथ दाहाल, धर्मेन्द्र झा, शिव गाउँलेलगायतको उपस्थिति रहेको थियो । विरोधका कार्यक्रममा प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टर नेपालका नेताहरूले पत्रकार रजकलाई न्याय दिन र उनका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरे । बदलिएको परिस्थितिका कारण महासंघ स्थापना दिवसका अवसरमा गर्न लागिएका पूर्वनिर्धारित सम्पूर्ण कार्यक्रम स्थगित गरी प्रदर्शनमा उत्रिएको महासंघका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण अधिकारीले जानकारी दिए ।

# तीनकुने घटनाको बारद्वारा भर्त्सना

**काठमाडौं (प्रस)**– नेपाल बार एसोसिएसनले नेपालको संविधानविपरीत पूर्वराजाको समर्थन गर्दै आक्रमण, तोडफोड, आगजनी र लुटपाट गरी मानवीय र भौतिक हुनेगरी भएको घटनाको भर्त्सना गरेको छ । बारकी महासचिव अञ्जिता खनालद्वारा शनिबार जारी भएको प्रेस विज्ञप्तिमा शुक्रबार तीनकुनेमा पूर्वराजा समर्थकको प्रदर्शनका क्रममा भएको घटनामा मानवीय र भौतिक क्षति भएको भन्दै दुःख व्यक्त गर्दै भर्त्सना गरिएको हो ।

बारले एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजक र सोही घटनामा परी सविन महर्जनको मृत्यु भएको जनाउँदै उनीहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ ।

मृतकका परिवारलाई उचित क्षतिपूर्ति माग गर्नुका साथै घटनाको सत्य अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न माग गरिएको बारकी महासचिव खनालले जानकारी दिइन् । साथै, बारले विज्ञप्तिमार्फत यस्ता घटना पुनः दोहोरिन नदिन मानवअधिकारको रक्षा, सुरक्षाको प्रभावकारी व्यवस्था गर्न र आमनागरिकको सुरक्षा गर्न सरकारसँग अनुरोध पनि गरेको छ ।


## अधिकृत वारेसनामा वदर गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/१७**

अधिकृत वारेसनामा दिने म निवेदक कृष्ण प्रसाद उप्रेतीको छोरी इन्द्र प्रसाद खरेलको पत्नी चितवन जिल्ला खैरहनी-४ को हाल परिवर्तित खैरहनी नगरपालिका वडा नं.-८ बस्ने वर्ष ६७ की खेम कुमारी खरेल (ना.प्र.नं. ३५०, मिति २०४५/०९/१८, चितवन) ले मिति २०७० साल साउन ३० गते श्री चितवन जिल्ला अदालतमा उपस्थित भई खडानन्द प्रसाईको नाति, विद्याराज प्रसाईको छोरा ताप्लेजुङ जिल्ला हाङपाङ-६, नागरिकतामा ठेगाना भई हाल भक्तपुर जिल्ला सुर्यविनायक नगरपालिका वडा नं.-३ बस्ने वर्ष ५३ को धीरेन्द्र राज प्रसाई (ना.प्र.नं.१२४/२३५२, मिति २०४४/१२/१४, ताप्लेजुङ) लाई यो अधिकृत वारेसनामा लेखी ऐ. संहिताको दफा १५३ (२) बमोजिम अधिकृत वारेस नियुक्ति गरी तल उल्लेखित मेरा नाउँमा मालपोत कार्यालय चावहिल काठमाडौंमा दर्ता रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.-६ नक्सा सिट नं. १०२१०२८११, कि.नं. ७९३ को क्षेत्रफल ०-०-२-३ (२१.८६ व.मि.) ऐ.ऐ.कि.नं. ७९५ को क्षेत्रफल ०-२-१-१ (७३.५३ व.मि.) गरी २ कित्ता पूरै जग्गाहरु र सो जग्गामा बनेको घरसमेत मेरो हक छाडी बेचबिखन गर्नुपर्ने भएको घरायसी कार्यव्यस्तताको कारणले सम्बन्धित मालपोत कार्यालय चावहिल काठमाडौंमा उपस्थित हुन नसक्ने हुँदा उक्त जग्गाहरु बेचविखन गर्नका लागि मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम अधिकृत वारेसनामा दिएकोमा अब उप्रान्त म आफैं सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई उल्लेखित काम, कार्वाही गर्न सक्ने भएको हुँदा मैले कानुन बमोजिम अधिकार प्रत्यायोजन गरेको व्यक्तिलाई कानुन बमोजिम नै साविक मुलुकी ऐन आ.व. ७१ (ग) (३) बमोजिम र हालको मुलुकी देवानी संहिता २०७४ को दफा १५५ बमोजिम अधिकृत वारेसनामालाई खारेज गरेको छु । **–खेम कुमारी खरेल**



## माइग्रेसन हराएको सूचना

मितिः २०८१/१२/०२ गते हरिसिद्धीबाट लगनखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम** : सुमिता डंगोल
**रजिस्ट्रेसन.नं.**: ५९२५०२१५५
**सिम्बोल नं.**: ४०२९९३
**क्याम्पस** : पाटन संयुक्त क्याम्पस
**ठेगानाः** हरिसिद्धी, ललितपुर
**सम्पर्कः** ९७६५८३९९९९



## मोटर साइकल हरायो

हुलास फिन सर्भ लि. ऋणी श्री मोहन बहादुर खत्रीको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/१२/०२ गते चन्द्रगिरी न.पा.११ सतुंगल घरको कम्पाण्डको पाकिङ्गबाट रातीको १२:५३ बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला ।

**प्रकार** : Pulsar-150cc, रातो र कालो
**मोसा.नं.** बागमती प्रदेश -०२-०४२ प ७८४७
**चेसिस नं.**: MD2A11CX9PPL23752
**इन्जिन नं.**: DHXPPL90854
**सम्पर्क नं.**: 9845479337



## Dharan Sub-Metropolitan City
**Office, Dharan**

**Invitation for Bids**

**Invitation for Bids No. : 18/DHARAN/WORKS/NCB/081/82**

**Date of Publication: 30-03-2025**

1. Dharan Sub- Metropolitan City Office, Dharan invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Road maintainence work at Dip path,Dharan-9 and asphalt concrete road construction work at Sayapatri marga,Dharan-19** under National Competitive Bidding procedures.

   The estimated amount for the works is ***Rs. (in NRs) 2225773.43 (Exclusive of VAT and Contingencies and including P.S)***
2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, १७ चैत, २०८१

| | |
|---|---|
| **मेष** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **कन्या** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **तुला** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मकर** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मीन** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ चैत, २०८१ (३०, मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.९६ | १३७.५६ |
| युरो | १ को | १४७.७० | १४८.३५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७७.१८ | १७७.९५ |
| स्विस फ्रैन्क | १ को | १५४.९८ | १५५.६६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.४६ | ८६.८३ |
| क्यानाडियन डलर | १ को | ९५.८८ | ९६.३० |
| सिङ्गापुर डलर | १ को | १०२.२६ | १०२.७१ |
| जापानी येन | १० को | ९.०८ | ९.१२ |
| चिनियाँ युआन | १ को | १८.८५ | १८.९४ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५७ | ३७.७४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२९ | ३७.४५ |
| मलेसियन रिङेट | १ को | ३०.९१ | ३१.०४ |
| दक्षिण कोरियन वन | १०० को | ९.३५ | ९.३९ |
| स्विडिस क्रोनर | १ को | १३.६६ | १३.७२ |
| डेनिस क्रोनर | १ को | १९.८० | १९.८९ |
| हङकङ डलर | १ को | १७.६१ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.०६ | ४४६.०० |
| बहराइन दिनार | १ को | ३६३.२७ | ३६४.८६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**पत्रकार हत्याको विरोध ।** शुक्रबार काठमाडौंमा पत्रकार सुरेश रजकको हत्या तथा सञ्चारगृहमा गरिएको आगजनीविरुद्ध नेपाल पत्रकार महासंघ मोरङले शनिबार विराटनगरमा निकालेको पदयात्रा ।
*तस्बिरः मनोज दाहाल/रासस*

# कीटजन्य रोगको जोखिमबाट बच्न विज्ञको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** गर्मीयामको सुरुआत भएसँगै नेपालमा कीटजन्य रोगहरूको जोखिम बढ्नसक्ने भन्दै सचेतना अपनाउन विज्ञले आग्रह गरेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले शुक्रबार मन्त्रालयको साप्ताहिक ब्रिफिङमा गर्मीमा कीटजन्य रोगको जोखिम बढ्ने र दूषित पानीका कारण विभिन्न संक्रमणहरू फैलने जोखिम हुने बताए ।

उनले शुद्धीकरण नगरिएको पानी र दूषित खानाले झाडापखाला, टाइफाइड, जन्डिस र हैजाजस्ता रोगहरूको जोखिम बढाउनसक्ने बताए । उनले त्यस्ता जोखिमबाट बच्न पानी उमालेर वा क्लोरिन झोलको प्रयोग गरी शुद्धीकरण गरेरमात्र प्रयोग गर्न सुझाव दिए । उनले भने, 'स्वच्छ, सफा र पौस्टिक आहार खाऔं । प्रशस्तमात्रामा फलफूल तथा हरियो सागसब्जी सेवन गर्ने गरौं । खाद्यपदार्थहरूलाई सुरक्षित तरिकाले भण्डारण गर्नुपर्छ । शौचालयमा मात्र दिसापिसाब गर्ने गरौं ।'

त्यस अवसरमा प्रवक्ता डा. बुढाथोकीले तापक्रम वृद्धि भएसँगै कीटजन्य रोगहरू जस्तै डेंगी, मलेरिया, जापानिज इन्सेफलाइटिसको पनि जोखिम बढ्ने बताए । उनका अनुसार संक्रमणबाट बच्न वरपरको वातावरण सफा राख्ने, लामखुट्टेको नियन्त्रण गर्न घर, कार्यालय, विद्यालय आदि वरपर पानी जम्न नदिने, लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गर्ने, झ्याल, ढोकामा जाली राख्ने तथा लामखुट्टे भगाउने धुपको प्रयोग गर्नुपर्छ ।

उनले हाल मौसममा आएको परिवर्तनसँगै रुघाखोकी, ज्वरोजस्ता लक्षणसहितका फ्लुका बिरामीहरूको चाप अस्पतालमा बढ्दै गएकाले फ्लुबाट बालबालिका, वृद्धवृद्धा, गर्भवती, दीर्घरोगीहरू बढी जोखिममा हुने भएकाले सावधानी अपनाउन आग्रह गरे । 'साबुनपानीले हात धुने, मास्कको प्रयोग गर्ने, काम नपरी भीडभाडमा जाने नगरौं,' उनले भने ।

उनले स्वास्थ्यसँग सम्बन्धित कुनै जिज्ञासा वा गुनासो भए मन्त्रालयको हेल्लो स्वास्थ्य कल सेन्टर ११९५ मा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म फोन गरेर वा इमेल गर्न पनि सकिने जनाए । स्वास्थ्य मन्त्रालयले हरेक शुक्रबारको १ बजेर ३० मिनेटमा साप्ताहिक मिडिया ब्रिफिङ गर्दै आएको छ ।

# थामेमा जलवायुजन्य विपद्‌को जोखिम कायमै

**काठमाडौं (प्रस)–** गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा हिमताल विष्फोटका कारण आएको बाढीसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रतिवेदनले थामेमा अझै पनि यस्ता जलवायुजन्य प्राकृतिक जोखिम कायमै रहेको उल्लेख गर्दै न्यूनीकरणका लागि आवश्यक पहलका लागि सुझाव दिएको छ ।

राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले थामे र अन्य स्थानमा रहेका हिमताल विष्फोटको जोखिममा रहेको उल्लेख गर्दै क्षति न्यूनीकरणका विषयमा छलफल आवश्यक रहेको बताए । 'सम्भावित जोखिमका विषयमा विस्तृत अध्ययन गर्न जरुरी छ । विगतका पाठ सिकेर आगामी दिनमा कसरी क्षति न्यूनीकरण गर्ने भन्ने विषयमा समन्वय गरेर अगाडि बढ्न आवश्यक छ,' उनले भने, 'जोखिममा रहेको बस्तीलाई कसरी सुरक्षित गर्ने भन्ने विषयमा पनि बहस हुनुपर्छ ।'

प्राधिकरणकै सहसचिव अर्जुनकुमार बमले थामेमा अझै पनि जोखिम कायमै रहेको भन्दै कसरी सुरक्षित हुने भन्ने विषयमा व्यापक तयारी आवश्यक रहेकामा जोड दिए । 'जोखिम न्यूनीकरणका लागि आगामी दिनमा पूर्वसूचना प्रणाली जडानका लागि हामी सम्बन्धित सरोकारवाला निकायसँग पनि समन्वय गर्ने छौं,' उनले भने, 'निजी आवास पुनर्निर्माणका कुनै कमी हुने छैन । यससँगै अध्ययनलाई पनि प्राथमिकता दिँदै पूर्वतयारीमा जुट्ने छौं ।'

खुम्बु पासाङल्हामु गाउँपालिका अध्यक्ष मिङ्माछिरि शेर्पाले थामेको बस्ती पुनर्निर्माणका लागि अन्य क्षतिग्रस्त भौतिक पूर्वाधार निर्माण समयमै सम्पन्न गरेर पुरानै अवस्थामा फर्काउन संघीय सरकारलाई आग्रह गरे । 'ढिला न्याय दिनु भनेको न्याय नदिनुजस्तै हो,' उनले भने, 'थामेलागायत अन्य क्षेत्र पनि जोखिममा छ । कसरी जोखिम व्यवस्थापन गर्ने ? न्यूनीकरण कसरी गर्ने ? पूर्वतयारी के-के हुने भनेर हामीले स्थानीय अनुकूलन योजना बनाउँदै छौं । यसमा तीन तहकै सरकारबीच समन्वय हुन आवश्यक छ ।'

एसियाली विकास बैंकका वरिष्ठ जलवायुविज्ञ अवनीमणि दीक्षितले अध्ययनले आगामी दिनका सम्भावित जोखिमबाट बच्ने उपायसहित सुझाव समावेश गरेर यसले आगामी नीति तथा योजना बनाउन सहयोग पुग्ने बताए । थामे क्षेत्रमा भएको हिमताल बाढीजस्ता प्राकृतिक प्रकोपजन्य घटनाले थामे क्षेत्र प्रभावित भएको र स्थानीय जनतामा त्रासको अवस्था सिर्जना भएको छ । विज्ञहरूले सम्भावित बाढीलाई रोक्न वैज्ञानिक अनुगमन, इञ्जिनियरिङ समाधान तथा स्थानीय समुदायलाई सचेत गराउने उपायहरू अपनाउनुपर्नेमा जोड दिएका छन् ।

अध्ययन टोलीका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का भूगर्भविज्ञ सुदनविक्रम महर्जनले थामे उपत्यकामा रहेका हिमताल जोखिममा रहेको भन्दै विशेषगरी यसले ठूलो विनास निम्त्याउने खतरा बढाएको बताए । जलवायुविज्ञ केशव शर्माले उच्च जोखिमयुक्त क्षेत्रमा जल व्यवस्थापन, नदी किनार संरक्षण तथा बाढी नियन्त्रण संरचना निर्माण गर्नुपर्ने बताए । साथै, स्थानीय समुदायको आपत्कालीन तयारीलाई बलियो बनाउन गैरसंरचनात्मक उपायहरू अवलम्बन गर्नुपर्नेमा उनको जोड छ । अनुगमन तथा पूर्वानुमान प्रणालीलाई सशक्त बनाउन जल तथा मौसमसम्बन्धी मापन केन्द्रहरू स्थापना गर्नु जरुरी रहेको विज्ञहरूले बताएका छन् । *रासस*

# चामुण्डा माई र बालकुमारी माईको मिलन गराइयो

**काठमाडौं (प्रस)–** घोडेजात्राका अवसरमा ललितपुरस्थित चामुण्डा माई र बालकुमारी माई देवीलाई खटमा राखेर टोल-टोलमा घुमाइ एकापसमा मिलन गराएर जात्रा मनाइएको छ । परम्पराअनुसार मंगलबजार क्षेत्रमा पुगेपछि दुवै देवीलाई मिलन गराई पुनःआफ्नै मन्दिरमा राखिने गरिएको छ ।



ललितपुर महानगरपालिका वडा नं ९ र ११ को पहलमा धिमे बाजासहित पूजाआजा गरी विभिन्न रुटमा घुमाएर शनिबार घोडेजात्राका अवसरमा पाटनका स्थानीयले यो जात्रा मनाएका हुन् । स्थानीयलाई रोगव्याधि, भयबाट मुक्त गराउन तथा भौतिक बाधा अड्चन नहोस् भनेर पाटन नगरभित्र लिच्छवीकालदेखि नै यो जात्रा मनाइँदै आएको यस क्षेत्रका स्थानीयले बताएका छन् ।

किंवदन्तीअनुसार दिदी बालकुमारी माईलाई बहिनी चामुण्डा माईले तीनपटक परिक्रमा गरेपछि दुवै देवीलाई पुनःआफ्नै मन्दिरमा राखिने गरिएको चामुण्डा माई जात्रा व्यवस्थापन समितिका सचिव राजेश्वर महर्जनले जानकारी दिए । यस क्षेत्रका स्थानीयले भेला भई खानाका परिकार खाएर नाँचगान गरी एकअर्कामा मिलन र खुसी साटासाट गर्दै नायखी बाजाको तालमा देवीको परिक्रमा गराई यो जात्रा मनाएका छन् ।


**कतारमा रोजगार** — कम्पनी : EUROPEAN GUARDING AND SECURITY SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | LT. No. 321105 | चलानी नं. ६०२३५१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 25 | 0 | 1500 | ५६,३२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २४ र २६ गते (6 and 8th April 2025) मा हुनेछ । सेन्टर पोइन्ट होटल, विर्तामोड, झापामा मितिः २०८१ चैत २५ गते (7th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com
Govt.Lic. No 1078/073/74

**MAURITIUS मा रोजगार** — कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 303424 | चलानी नं. ६०२१८२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKERY OPERATOR | 20 | 0 | 16500 | ४९,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COLD ROOM ATTENDANT | 23 | 0 | 16500 | ४९,२७२ | | | | | | | |
| 3 | Cook | 20 | 0 | 16500 | ४९,२७२ | | | | | | | |
| 4 | Meat Fish Cutter | 25 | 0 | 16500 | ४९,२७२ | | | | | | | |
| 5 | Packing Machine Operator | 37 | 0 | 16500 | ४९,२७२ | | | | | | | |
| 6 | PASTRY MAKER | 10 | 0 | 16500 | ४९,२७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Univarsal technical institute and orentation center ward number -3 kapan marg काठमाडौंमा मितिः २०८१ चैत २४ गते (6th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

**साउदीमा रोजगार** — कम्पनी : MUDAIN AL-MUSTAGHEBEL For Energy

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | LT. No. 321286 | चलानी नं. ६०२३५३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Machines Maintenance Technician | 1 | 0 | 2200 | ८०,३८० | | | | | | | |
| 3 | electro mechanical technician | 2 | 0 | 2200 | ८०,३८० | | | | | | | |
| 4 | Installment Electrical Technician | 2 | 0 | 2200 | ८०,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत २४ गते (6th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


**Sudurpaschim Province, Nepal**

## Lamkichuha Municipality

**Bhalka, Kailali**

**Office of Municipal Executive**

## Invitation for Bids for the

**Date of Publication:2081-12-15**

1. Lamkichuha Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the following:

| Description of Work | Contract Identification Number | Estimated Amount( with VAT, contingency and PS) | Bid Security NRs |
|---|---|---|---|
| Ward no 7 ko naya basthiko bibhinna sthan jani baato marmat tatha sambaar | 14/LCM/W/2081/082 | NRs 35,72,090.51 | 1,03,000 |
| Ward no 9 ko bibhinna sthan ma durgauli, pratapur and gadhi jani baato marmat tatha sambaar | 15/LCM/W/2081/082 | NRs 35,72,455.08 | 1,03,000 |

Under National Competitive Bidding procedures.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Lamkichuha *Municipality, Bhalka Kailali*, *Lamkichuhamun@gmail.com,*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank:** Rastriya Banijya Bank **Name of Office**: Lamkichuha Municipality
   **Office Code No. :……………..** **Office Account No**.: 4450100301010002
   **Rajaswa (revenue) Shirshak No. :** 14529
4. electronic bids must be submitted to the office **Lamkichuha *Municipality, Bhalka Kailali*** through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00PM** on ***2082-01-14.***Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00PM on *2082-01-14*** at the office of **Lamkichuha *Municipality, Bhalka Kailali*** . Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of above mentioned, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हिंसाविरुद्ध निर्मम होऔं

**राजसंस्थाको इतिहास नै हिंसाको हो। सत्ता स्वार्थका लागि विगतमा राजदरबार हिंसाको केन्द्र बन्यो। मारकाट चल्यो। षड्यन्त्रको थलो बन्यो। यी आधारले हिंसाको विम्ब राजसंस्था थियो। २५० वर्षसम्म राजसंस्थाले जनतालाई रैती बनायो। नागरिकको हैसियत दिएन। पूरै अँध्यारोमा राख्यो। शाह वंशले शासन चलायो र राज्यको ढुकुटीमा मोजमस्ती गरे। सीमित आसेपासेले पनि त्यसबेला फाइदा लिए। गणतन्त्र स्थापनापछि त्यो क्रम टुट्यो।**

**ज्ञानेन्द्र शाह झण्डै १७ वर्षदेखि नागार्जुनमा छन्। उनकै निर्देशकीय भूमिका र महाउग्र दुर्गा प्रसाईंको नेतृत्वमा शुक्रबार हिंसात्मक आन्दोलन भयो। काठमाडौंको तीनकुने, कोटेश्वर, जडीबुटी, शान्तिनगर, बालकुमारी पुललगायत क्षेत्र रणमैदानमा परिणत गराए। शान्तिपूर्ण कार्यक्रम गरेर आफ्ना एजेण्डा जनताकहाँ लान सकिन्छ। लोकतन्त्रमा यो उत्तम विकल्प पनि हो। जनताबाट एजेण्डा अनुमोदन गरेर दुईतिहाइ बहुमतको जगमा व्यवस्था परिवर्तन गर्न सकिन्छ। तर, त्यो बाटो राजसंस्थापक्षधरले हिँड्न चाहेनन्। हिंसात्मक आन्दोलन चाहे। अर्थात् हिंसाको विरासत जोडिएको राजसंस्था पुनःस्थापनाका लागि हिंसाकै बाटो रोजियो। यो समर्थन अयोग्य हो।**

**हिंसात्मक प्रदर्शनकैबीच उनीहरूले घरमा आगो लगाउँदा निहत्था पत्रकार सुरेश रजाक मारिए। राजसंस्था पक्षधर २९ वर्षे लक्का जवान सविन महर्जनको मृत्यु भयो। दर्जनौं संख्यामा सुरक्षाकर्मी र आन्दोलनकर्मी घाइते भए। गृह प्रशासनका अनुसार केहीको अवस्था गम्भीर छ। आन्दोलनलाई हिंसात्मक बनाउने भूमिकामा मुख्य पात्र दुर्गा प्रसाईं हुन्। गाडी हुइँक्याउँदै 'आओ आओ' भन्दै भीडलाई उत्तेजित गर्ने काम उनीबाट भयो। त्यसरी अघि बढ्ने क्रममा सुरक्षाकर्मीलाई पेल्दै निषेधित क्षेत्र तोड्ने हर्कत गरे। यदि, आन्दोलनका कमाण्डर भनिएका प्रसाईंले भीडलाई उत्तेजित नपारेको भए सम्भवतः त्यो तहको हिंसा नहुने आँकलन गर्न सकिन्छ।**

**प्रसाईंलाई पृष्ठभूमिमा बसेर हौस्याउनेचाहिँ फेरि राजा हुन तम्सिएका ज्ञानेन्द्र हुन्। ज्ञानेन्द्रसँग उनको बिहीबार भेट भएको थियो। त्यसपछि आन्दोलनको कमाण्डर तोकिए। उनै प्रसाईंको नेतृत्वमा निस्केको जुलुस सुरुमै उग्र देखियो। तीनकुनेस्थित निजी घरमा आगजनी गर्‍यो। त्यही घरमा पत्रकार सुरेशको ज्यान गएको हो। व्यावसायिक भवनहरूमा तोडफोड गरे। निजी सम्पत्ति निसानामा परे। निजी तथा सार्वजनिक सवारीसाधन जलाइए। कोटेश्वरस्थित भाटभटेनीमा लुटपाट र तोडफोड, नेकपा एकीकृत समाजवादी पार्टीको कार्यालय र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको कार्यालयमा आगजनीलगायत आतंक मच्चाइयो। यी घटनाले पृष्ठभूमिमा ज्ञानेन्द्र बसेर प्रसाईंको नेतृत्वमा हिंसा भड्काउने काम भयो।**

**अब ज्ञानेन्द्र र प्रसाईंविरुद्ध कानुनी लगाम आवश्यक छ। गणतन्त्रमा स्वतन्त्रताको उपभोग अराजकताका लागि होइन भन्ने सबकबोध सरकराले गराउनुपर्छ। ज्ञानेन्द्रलाई नागरिक हैसियतको सीमा नाघ्न दिनु हुँदैन। हिंसाको प्रतीक राज संस्थाको बाटो हिंसाकै बाटोबाट सतप्रतिशत असम्भव छ। र, गणतन्त्रको विकल्प अझ सुदृढ गणतन्त्रबाहेक हुन सक्दैन। पाँचौं गणतन्त्र फ्रान्समा जस्तो कुनै बेला बेइमान शासकका कारण ढलेको राजतन्त्र फेरि पुनःस्थापित भएको इतिहास नेपालीजनले दोहोर्‍याउँदैनन्।**

# टुँडिखेल वरपरका धार्मिक सम्पदास्थल र जात्रा परम्परा



■ पदम श्रेष्ठ

> टुँडिखेलको नैरित्यकोणमा स्थापित लुँति अजिमाँकै भद्रकाली द्योछें टेवहालभित्र शाश्वत् बज्रले नै भित्र्याएका हुन्। टुँडिखेल टुकुचामा स्थापनापछि द्योछेँ टेबहालमा स्थापना गराएको भनाइ छ। नेपाल सम्पदा संघद्वारा प्रकाशित बुलेटिनमा ने.सं. ८९९ र ९४७ अभिलेखयुक्त द्योछेँमा गणेश, भैरव र अष्टमातृकासहित आयतकार घर शैलीमा प्रतिस्थापित छ। घोडेजात्रा विशेष पर्व र राजा नरेन्द्र मल्लकालीन ने.सं. ६६५ मा निर्मित दुईतले प्यागोडा शैली गणेश र अशोककालीन चैत्यले तीर्थस्थल बनाएको छ।

नेपाल भाषामा इनारलाई टुँ वा दलदल, 'डि' भन्नाले बिसाउने ठाउँ र 'ख्यो'ले चउर अर्थ लाग्दछ। राणाकालमा तीन माइल लम्बाइ र ३०० गज चौडाको टुँडिखेल इ.सं. १८७८ मा धीरशमशेरले समथल बनाएको बताइन्छ। जहाँ घोडेजात्रादेखि विभिन पर्व, महोत्सव मनाइन्छ। टुँडिखेल सबैको साझा स्थल, आन्दोलनको उठान, बैठानदेखि सर्वधर्म सम्पदास्थल पनि हो।

### टुँडिखेलको तुण्डी भैरव अर्थात् महाँकाल

अष्ठभैरवमध्ये एक टुँडिखेलको काखमा छ, महाँकाल मन्दिर। एक समय तान्त्रिक शास्वत्वज्रले घाम तापिरहेको बेला कालो बादलले घाम छेकिदिएछ। रिसको झोंकमा मन्त्रयोगले बादलभित्र तिब्बतबाट काशी उड्दै गरेका वज्रवीर महाँकाललाई जमिनमै झारे छन्। तर भैरवलाई नै जमिनमा झारेकोमा आत्मग्लानीपछि विपाकबाट बच्न उनले पञ्चक पाप चर्यागीत गाई क्षमापूजा गरे छन्। यसबाट खुसी भएका महाँकालले प्रत्येक शनिबार आफू नेपालमै बस्ने वचन दिएअनुसार, राजा गुणकामदेवको राज्यकाल कलिगत संवत् ३८२२ मा नगरकोटबाट टुँडिखेल ल्याई अष्ठभैरवमध्ये ध्यान मुद्रासँग मिल्ने कालोढुंगाको महाँकाल भैरव मूर्तिसहितको मन्दिर सैनिकमञ्च छेउ तीनतले धातु छाने प्यागोडाशैलीमा स्थापित छ। जमिनभन्दा एक तलामाथि विराजमान महाँकाल मूर्तिको शिरमा अक्षोभ्यबुद्ध हातमा खड्ग र देब्रेहातमा पात्रलिई शान्त मुद्रामा उभिएको छ। तान्त्रिक पञ्चमकार पूजा पद्धतिमा आधारित महाँकाललाई जाँड-रक्सी, माछा-मासु पूजा दिइन्छ तर बलि भने चढाइँदैन।

### टुँडिखेलमा गुरुमापालाई सिंगै राँगाको मासु र भात

जुवामा सुन र चाँदीको थालसमेत बेचेर खेलेपछि हरिकंगाल भएका केशवचन्द्रलाई आफ्नै दिदीबाटसमेत भुइँमा भात पस्किदिएर बहिस्कृत गरे छन्। यसबाट साह्रै दुःखी भई उनी पशुपतिमा पुगेर झपक्कै निदाएको बेला पछि खान भनी राखेको भात परेवाले खाई सुनै-सुनको विष्टा गरिदिए छन्। सुनरुपि भारी इतुँवहालसम्म पुर्‍याइदिएमा मरेका केटाकेटी खानदिने वाचा गरी गुरूमापा राक्षसलाई बोकाएर ल्याएछन्। तर, गुरूमापाले धेरै दुःख दिने बच्चाहरूलाई समेत खाइदिन थालेपछि देशवासीले गरेको याचनापछि केशचन्द्रले टुँडिखेलमा प्रत्येक वर्षको फागुपूर्णिमाको राति एउटा सिंगै राँगाको मासु र एक मुरी चामलको भात खुवाउने तर बच्चाको रक्षा गर्ने वचनबद्ध गराएछन्। सोही परम्परालाई निरन्तरता दिँदै प्रत्येक वर्षको फागूपुर्णिमाको साँझ बसन्तपुरमा ठडयाएको चीरलाई टुँडिखेलमा दहन गरिँदा इतुम्वहालबाट एउटा राँगाको मासु र एक मुरी चामलको भात टुँडिखेलमा लगि गुरुमापाको नाउँमा गुठीयार सर्वसाधारणलाई खुवाउने चलन छ।

### संकटा र १२ वर्षे जात्रा

कामरूपकामक्षा (आसाम)बाट कृषिका देवता बुंगद्यो रातो मच्छिन्द्रनाथलाई नेपाल भित्र्याउँदा पाल्हाद्यो संकटाले अनेक बाधा उत्पन्न गरेको तर आचार्य बन्धुदत्तले संकटालाई पनि संकट दूर गर्ने देवताको रूपमा टेवहालमै राख्न सफल भएको बताइन्छ। लिच्छवी संवत् ६९-७१ कालीन राजा नरेन्द्रदेव, ललितज्यापु तण्डुकार र आचार्य बन्धुदत्त मिली नाग आसनमा बसेका गुरु गोरखनाथलाई उठाउन रातो मच्छिन्द्रनाथलाई नेपाल ल्याएका हुन्। लामो नोकझोकपछि संकटालाई १२ वर्षको एकपल्ट कटुवाल दहदेखि टौदह चोभारहुँदै सानेपा गुसिंगालको बाटो बागमती पार गरी टेबहाल भित्र्याइन्छ। ललितपुरको बुङमतीस्थित कोटुवाल दहमा तीन दिन दुई रात बज्राचार्यबाट पुरश्चरण तान्त्रिक पूजा गर्ने, सिखाकारले पंखाले हम्काउँदै, ज्यापुले खट बोक्ने गर्दै तण्डुकारद्वारा टेबहाल भित्र्याइन्छ। मूल अचलवीरलाई नेपाल भाषामा पाल्हाद्यो अर्थात् हातले छेक्ने देवता भनिएको हो। ने.सं. ८०३ मन्दिरको तोरणमा पदमान्त र टुँडालमा पञ्चरक्षादेवी अंकित छन्।

### बन्धुदत्त महाविहार टेबहाः (टेवहाल)

संकटालाई पनि नेपालमै राख्न सफल बन्धुदत्तलाई राजा नरेन्द्रदेवद्वारा निर्मित टेबहाललाई राजकीर्ति महाविहार, अक्षोभ्य बुद्धप्रति समर्पित छ। जहाँ लिच्छवीकालीन चैत्य छन्। काठमाडौंका १८ बज्रयानी महाविहारमध्ये पर्दछ।

### भद्रकाली द्योछेँ

टुँडिखेलको नैरित्यकोणमा स्थापित लुँति अजिमाँकै भद्रकाली द्योछें टेवहालभित्र शाश्वत् बज्रले नै भित्र्याएका हुन्। टुँडिखेल टुकुचामा स्थापनापछि द्योछें टेबहालमा स्थापना गराएको भनाइ छ। नेपाल सम्पदा संघद्वारा प्रकाशित बुलेटिनमा ने.सं. ८९९ र ९४७ अभिलेखयुक्त द्योछेँमा गणेश, भैरव र अष्टमातृकासहित आयतकार घर शैलीमा प्रतिस्थापित छ। घोडेजात्रा विशेष पर्व र राजा नरेन्द्र मल्लकालीन ने.सं. ६६५ मा निर्मित दुईतले प्यागोडा शैली गणेश र अशोककालीन चैत्यले तीर्थस्थल बनाएको छ।

### धरहरा र सुन्धारा

काठमाडौंको पहिचान धरहरालाई भीमसेन थापाको बेकम्मा सिर्जना भनिन्छ। तर नौ तले धरहरा काठमाडौंको पहिचान ने.सं. १०५३ मा बज्र लेपन र ९० सालको महाभूकम्पले पाँच तला भत्किएपछि प्रधानमन्त्री जुद्धशमशेरले पुनर्निर्माण गराएका थिए। उचाइ ६१८८ मिटर अग्लो र ५३२ मिटर गोलाइ, २१३ वटा भर्‍याङसहित ठडिएको धरहरा ०७२ वैशाख १२ गतेको भुइँचालोले खण्डहर धरहरालाई पुर्ननिर्माण नगरी सँगै अत्याधुनिक हुबहु प्रतिकृति तर २२ तले टावर निर्माण भएको छ। महारानी त्रिपुरासुन्दरीद्वारा निर्मित अर्को सिर्जना हो, सुन्धारा। छुवाछूत, मर्दापर्दा बिटुलो भए सुनपानीले नुहाए शुद्ध होइन्छ भन्ने मान्यताअनुरूप निर्माण भएको हो।

### असनः अन्नपूर्ण र शक नयाँ वर्ष

एक रूपैयाँदेखि लाखौं रूपैयाँ पर्ने 'क' देखि 'ज्ञ' सम्मका सामान पाइने असनबजार जहाँ अन्नले पूर्ण असंमरू अजिमाँ छिन्। चैत्र कृष्णऔंसीका दिन भद्रकाली (लुँमडी) र टेवहालकी भद्रकालीबीच भेटघाट खट, सोही दिन नरदेवी (डेतमरू), टंकेश्वरकी तख्ती, मैतीदेवीकी मैती, नयाँबजारकी म्हेपी अजिमाँ र बाङगेमुढाकी न्हेकँन्तलाको खटजात्रा हुन्छ तर, लुँतिमरू अजिमाँको खटजात्रा बालाचतुर्दशीका दिनमात्र हुन्छ। मिलनमा पूरै धातुरागमा क्वँचा खिं, पश्चिमा, दापाखिंको तालमा रंगिने गर्छ। जात्रामा झ्यालबाट चट्टामरी र लोंचामरी वर्षाएको देख्दा लाग्दछ, सहकालको केन्द्र नै हो, असन।

यसदिन शक सम्वत् नयाँ वर्ष परिवर्तन हुने हुँदा असन माछा देवता, गणेश डबलीमा बसी ज्योतिषले दिएको चिनाअनुरूप जात्रा थालिन्छ। अष्टमातृका पीठभित्र नपर्ने असंमरू अजिमा (अन्नपूर्ण)को खटजात्रा ने.सं.५८० मा राजा अमर मल्लले सुरु गरेको बताइन्छ।

ने.सं.१५९-१९८ ताका काठमाडौंलाई १२ खण्डमा वर्गीकरण गर्दा लुँतीमण्डुबाट लुतिमरू, थानमण्डुबाट थायमरू, डेतमण्डुबाट डेतमरू भएझैं असंमण्डुलाई असँमरु भनिएको हो। प्रख्यात् तन्त्रज्ञानी बद्रीगुरु भन्छन्- जामाचो (नागार्जुन)देखि म्हेपी हुँदै असन पूरै अशोकारिस्टको वृक्षले ढाकिएका बेला एक जना ग्वालाले पञ्जपुखुमा एउटी सुन्दरी नुहाएर कपाल सुकाउँदै गरेकीप्रति आकर्षित हुँदै अगाडि पुग्दा सुन्दरी अलप भई ज्ञानेश्वरी देवीले दर्शन दिँदै भनिछन्, म म्हेपीकी अर्धांनी हुँ, सधैं अशोक वृक्षकै मुनि पूर्णकलशको रूपमा रहने छु। कलात्मक चाँदीको कलशसहितको तीनतले धातु छानायुक्त अन्नपूर्ण देवीको मन्दिर, जहाँ चैते दसैंदेखि हुने नाथको रथारोहण असनमा पूजा थाप्ने गरिन्छ। किनकि योगाम्बर ज्ञानेश्वरी म्हेपी पीठ, सेतो र रातो मच्छिन्द्रनाथका पनि गुरू मानिन्छन्।

### तछैं बहाः सुरत श्री महाविहार

काठमाडौंका १८ महाविहारमध्ये दथुपुँईका तःछैं वहाल ने.सं.६०० तिर तन्त्रज्ञानी सुरत वज्रद्वारा निर्मित हुन्। हेवज्रनैरात्मादेवीका भक्त सुरत वज्रका वंशज, देवपतन पिङगलविहार पशुपतिबाट वटुमा बसाइ सर्दा असन पुगेका हुन्। यिनैका वंशज जीवचन्द्रलाई ने.सं. ६०२ का राजा राय मल्लले भक्तपुर विहारमा बसाएका थिए भनिन्छ। असन तछें वहाल पाँचतले कलात्मक आगछेंसहितको छ। अक्षोभ्य बुद्धप्रति समर्पित विहारका सुरतवज्रको तान्त्रिक प्रभाव तिब्बतसम्म चर्चित रहयो।

१६औं शताब्दीताका तिब्बत पुगेका सुरतवज्रले पाँचौं दलाई लामालाई समेत शास्त्रास्त्रमा हराई आफ्नो प्रभाव छोड्न सफल भएको बताइन्छ। बौद्ध कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउन सफल सुरतवज्र १२ वर्षपछि आफ्नो विहार तछें वहाल पुग्दा आफू मरेको ठानी भ्रमवंश किरिया गरेको देखेपछि लामा भेषमा आँगछेंभित्र समाधि लिए भनिन्छ। जुन महाविहारको ने.सं. १११९ कछलागा ७ मा पूनर्निर्माण भएको हो।

### जमल विहार र रानी पोखरी

संसारमा जबसम्म दुःखी, असहाय रहिरहन्छ, तबसम्म आफूले बुद्धत्व ग्रहण नगर्ने प्रतिबद्ध एक ईश्वर हुन् आर्यावलोकितेश्वर (सेतो मच्छिन्द्रनाथ)। २६०० वर्षअघि कौशल नरेश विरूद्धकद्वारा कपिलवस्तु र देवदहका शाक्य, कोलियको आमहत्या हुँदा नेपाल प्रवेश गरी बसाएको बस्ती कोलियटोल नै केलटोल बताइन्छ। उनै कोलियहरूले कनक चैत्यलाई देवदहबाट ल्याएको भनिन्छ तर हामीले पुज्ने दुईतले आर्यावलोकितेश्वरको मूर्ति जमलस्थित विहार रहेको ठाउँमा किसानले खेत खन्दा भेट्टाएको बताइन्छ।

त्यसैले चैत्र शुक्ल अष्टमी (चैतेदसैं) को दिन तीनधारा पाठशाला जमलबाट रथारोहणगरी दक्षिण कोलियग्राम लगन परिक्रमाको प्रचलन रहेको हो। ने.सं. ७०८ का राजा शिवसिंह मल्लको राज्यकालमा खर्धटोलका दखवाजु प्रधानले गुठी खडा गरी रथयात्रा चलाएको तथ्य पाइन्छ। रथारोहण गरिँदै सेतो मच्छिद्रनाथको रथ लगनको माँ सिमा (आमा रूख) परिक्रमापछि जात्रा सम्पन्न हुने गर्दछ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# राजावादी आन्दोलन : देश र जनताको भविष्यमा धक्का



■ विविशा पौडेल

नेपालमा २०६२/६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको झण्डै दुई दशक पूरा हुँदै छ। तर, यो अवधिमा देशले स्थिरता, सुशासन र आर्थिक विकासको अपेक्षित गति लिन सकेन। यही सन्दर्भमा, पछिल्ला वर्षहरूमा राजावादी आन्दोलनहरू पुनः सक्रिय भएका छन्। राजसंस्थाको पुनर्बहाली र नेपाललाई हिन्दूराष्ट्र बनाउनुपर्ने माग राख्दै विभिन्न समूहले निरन्तर आन्दोलन गर्दै आएका छन्। तर, यी आन्दोलनहरूले नेपाली समाज र सर्वसाधारणमा सकारात्मकभन्दा बढी नकारात्मक असर पारिरहेका छन्।

राजावादी आन्दोलनको उदय जब राजतन्त्र अन्त्य भएपछि नेपालले गणतान्त्रिक प्रणालीमा प्रवेश गरे पनि राजनीतिक अस्थिरता, आर्थिक संकट, बेरोजगारी, भ्रष्टाचार र सुशासनको अभावले आमजनता निराश बने। राज्य संयन्त्रले नागरिकको अपेक्षा पूरा गर्न नसक्दा, राजसंस्थाको पुनर्बहालीको माग राख्ने समूहहरू सक्रिय हुन थाले। तसर्थ २०६२/६३ पछि केही समय मौन रहेका राजावादी समूहहरू विशेषगरी २०७२ को संविधान जारी भएपछिको असन्तोषलाई भजाएर पुनः सशक्त हुन थाले। यिनका मुख्य मुद्दाहरू भनेजस्तै नेपाललाई हिन्दूराष्ट्र घोषणा गर्नुपर्ने, संवैधानिक राजतन्त्र पुनःस्थापित गर्नुपर्ने, संघीयता खारेज गर्नुपर्नेलगायत रहेका छन्। त्यसमा पनि मुख्यतः पश्चिमी संस्कार, संस्कृतिले पारेको प्रभाव अन्त्य गर्नुपर्ने राजावादीहरूको लामो समययताको माग रहँदै आएको पाइन्छ।

यसैको सिलसिलामा पछिल्ला वर्षहरूमा काठमाडौं, पोखरा, चितवन, नेपालगञ्जलगायतका प्रमुख सहरहरूमा हजारौं मानिस सहभागी भएका राजावादी र्‍यालीहरू देखिए। यस्ता प्रदर्शनले सर्वसाधारणलाई प्रभावित बनाइरहेको छ। राजावादी आन्दोलनका समर्थकहरू यसलाई राष्ट्रहितको आन्दोलनको रूपमा चित्रण गर्छन्। तर, यस्ता आन्दोलनले जनजीवनमा नकारात्मक असर पुर्‍याएका छन्।

राजनीतिक अस्थिरता झन् चुलियो छ। राजावादी आन्दोलनले लोकतान्त्रवादी राजनीतिक दलहरूलाई थप दबाबमा पारेको छ। आन्दोलनका कारण सत्तारूढ दलहरूले अनावश्यकरूपमा आफ्ना प्राथमिकता परिवर्तन गर्नुपरेको छ। त्यसकारण राजावादी समूहको दबाबपछि केही दलहरूले हिन्दूराष्ट्रको बहस गर्न थाले, जसले धार्मिक ध्रुवीकरण निम्त्याउन सक्छ। यदि राजनीतिक दलहरू आफ्नो स्थायी सिद्धान्त छाड्दै जनमत भजाउने खेलमा लाग्नसक्ने देखिन्छ। त्यस्ता गतिविधिले देशलाई स्थिरतातिर लैजान सक्दैनन्। साथै, सामाजिक जनजीवनको विभाजनमा प्रभाव परेको देखिन्छ। राजावादी आन्दोलन गर्न लाग्दा धर्म, जाति, क्षेत्र र राजनीतिक विचारधाराका आधारमा समाजलाई विभाजन गर्ने माध्यम बन्दै गएको।

संघीयतामा जनताले सेवा सुविधाको पँहुचका कारण घरदैलोमा सरकार भएको आभाष गरेका छन्। तर संघीयताकै विरोध राजावादीहरूले गरेको पाइन्छ। संघीयता खारेजीको मागले पहिचानवादी र मधेस आन्दोलनका समर्थकहरूलाई थप उत्तेजित बनाउने सम्भावना छ।

लोकतन्त्र समर्थक र राजावादी समूहहरूबीच वैचारिक तिक्तता बढ्दै गएको छ। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र विविध संस्कृतिको साझा भूमि हो। यस्तो विविधतायुक्त समाजमा कुनै पनि आन्दोलनले सामाजिक ऐक्यबद्धता भत्काउनेगरी अघि बढेमा त्यसले समाजलाई नै कमजोर बनाउँछ। आर्थिक गतिविधिमा असर परेको छ। नेपालको अर्थतन्त्र पहिले नै संकटग्रस्त छ। राजनीतिक अस्थिरता, वैदेशिक रोजगारीमा आश्रित, महँगी, भ्रष्टाचार र निजी क्षेत्रको सीमित भूमिकाजस्ता कारणले आर्थिक वृद्धिदर कमजोर छ।

कुनै पनि समूहबाट हुने सडक अवरोध, आमहड्ताल र र्‍यालीलगायतका कारण सर्वसाधारणको दैनिक आर्थिक गतिविधिमा अवरोध हुन जान्छ। शुक्रबारको आन्दोलन जसरी हिंसात्मक बन्यो, बनाइयो यसले जनतामा ठूलो त्रास पैदा गरेको छ। जनता पुनः भयभीत भएका छन्। विगतका आन्दोलनबाट आजित भइसकेका जनताले कुनै आन्दोलन अझ हिंसाजन्य गतिविधि कल्पनासम्म गर्न चाहँदैनन्। विडम्बना राजावादीको आन्दोलन अराजक बन्यो। दुई जनाको ज्यानै गयो। निजी तथा सार्वजनिक भवन, सवारीसाधन जलाइयो, तोडफोड गरियो। यस्तो गतिविधिले देश र जनता दुवैलाई फाइदा गर्दैन।

यस्ता विभिन्न खाल्का गतिविधिहरूले पर्यटन क्षेत्रमासमेत असर पर्न थाल्यो, किनभने आन्दोलनले देशको छवि अस्थिर देखाउँछ। पर्यटकलाई आकर्षित गर्ने संरचनाहरूमा पनि दखल परेको हुन्छ। विदेशी लगानी आउँदैन, जसले अर्थतन्त्रमा ठूलो धक्का पुर्‍याउँछ।

नेपालको गणतन्त्र व्यवस्था पूर्णरूपमा परिपक्व भइसकेको छैन। यो प्रणालीलाई सुदृढ पार्न जनतासँग मात्र नभई नेताहरूमा पनि लोकतान्त्रिक चेतना आवश्यक छ। तर, राजावादी आन्दोलनले लोकतान्त्रिक मूल्यमान्यतामाथि प्रश्न उठाउँदै लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाइरहेको छ। लोकतान्त्रिक प्रणाली असफल बनाउने जुनसुकै आन्दोलनले पनि लोकतान्त्रिक संस्थाहरू कमजोर बनाउँछ। साथै विधिको शासनलाई पनि धमिलो बनाउँछ। अलोकतान्त्रिक अभ्यासलाई सशक्त बनाउँछ। त्यसकारण यदि लोकतन्त्रप्रति जनतामा नै वितृष्णा फैलियो भने, पुनः कुनै निरंकुश प्रणाली आउने खतरा रहन्छ।

राजावादी आन्दोलनले लक्ष्य प्राप्त गर्न सक्छ त ? नेपालमा गणतन्त्रको जग गहिरो भइसकेको छ, र प्रमुख राजनीतिक दलहरू कुनै पनि हालतमा राजसंस्था पुनःस्थापना गर्न इच्छुक देखिँदैनन्। तथापि, यदि लोकतान्त्रिक सरकारले जनअपेक्षा पूरा गर्न सकेन भने यस्ता आन्दोलनहरूले झनै बल पाउने निश्चित छ। वर्तमान सरकार र लोकतान्त्रिक शक्ति कमजोर भएमा राजावादी आन्दोलन अझै उग्र बन्नसक्छ। राजावादी आन्दोलन नेपाली समाजको पछिल्लो असन्तुष्टिको उपज हो। यो आन्दोलनले सरकारलाई चुनौती दिएको छ, तर तिनले सर्वसाधारणको जीवनमा नकारात्मक असर पारिरहेको छ।

वर्तमान व्यवस्थामाथि प्रश्न उठिरहेको हुँदा देशको भविष्य अस्थिरतातर्फ उन्मुख भएकोमा आमजनताको चासो र चिन्ता बढेको छ। राजनीतिक दलहरूले सुशासन, आर्थिक विकास र जनअपेक्षाहरू सम्बोधन गरी यस्ता प्रश्नहरूलाई तत्काल सम्बोधन गर्न सक्नुपर्छ। अहिलेको मुख्य आवश्यकता भनेको लोकतन्त्रिक गणतन्त्रलाई संस्थागत गर्न दलहरू जिम्मेवार बन्नु, असन्तुष्ट जनताका मागहरूलाई सम्बोधन गर्नु र मुलुकलाई स्थायित्वको दिशामा अघि बढाउनु हो।



**कागबेनी त्रिवेणीधाममा भक्तजन** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–४ कागबेनी त्रिवेणीधाममा चैत्र कृष्ण औंसीको तिथिमा शनिबार दिवंगत पितृको नाममा श्राद्ध, तर्पण र पिण्डदान गर्न आएका आफन्तको घुइँचो । *तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# डिभिजन वन कार्यालयमा ४० हजार बिरुवा उत्पादन

**तनहुँ (प्रस)**– डिभिजन वन कार्यालय तनहुँले ४० हजार बिरुवा उत्पादन गरी वितरणको तयारी गरेको छ । कार्यालयको हाताभित्र रहेको नर्सरीमा विभिन्न प्रजातिका ४० हजार बिरुवा उत्पादनको तयारी गरिएको कार्यालयले जनाएको छ ।

कार्यालयका सहायक वन अधिकृत नवीन विकले पाँच हजार जडीबुटीका बिरुवा, पाँच हजार बहुवर्षीयअन्तर्गत बिरुवा र ३० हजार अन्य बिरुवा उत्पादन भइरहेको जानकारी दिए । उनका अनुसार जडीबुटीअन्तर्गत टिमुर, सिप्लीगान, दालचिनीलगायतका बिरुवा उत्पादन भइरहेको छ ।

कार्यालयले यहाँ उत्पादित बिरुवा सर्वसाधारण एवं समूहलाई निःशुल्क वितरण गर्ने गर्दछ । गत आर्थिक वर्षमा कार्यालयले ८२ हजार बिरुवा वितरण गरेको थियो । जिल्लाका विभिन्न स्थानबाट बिरुवा लिनका लागि कृषकहरू कार्यालयमा आउने गरेका छन् । कार्यालयमा अन्यभन्दा डालेघाँसको माग बढी रहेको छ । पशुपालनमा सक्रिय कृषकहरू डालेघाँसका लागि बिरुवा लिन आउने गरेको विकको भनाइ छ ।

कार्यालयबाट तेजपात, बेल, टिमुर, अशोका, कमपुर, म्यांगो स्टिक, अम्बा, सिप्लीगान, राजवृक्ष, पारिजात, शितलचिनी, बडहर, इपिल इपिल, लप्सी, अमला, चाँप, निमारो, कटहरे, जामुन, कल्की, हर्रो, बर्रो, सिरिष प्रजातिका बिरुवा वितरण गरिनेछ । विकले भने, 'बिरुवा लगेर मात्र हुँदैन, त्यसलाई संरक्षण गरेर हुर्काउनुपर्छ, बिरुवा लैजानेलाई पनि यस बारेमा सचेत गराउँछौं ।'

कार्यालयले जिल्लाका विभिन्न सामुदायिक तथा निजी वनमा वृक्षरोपणका लागिसमेत बिरुवा वितरण गर्ने गरेको छ । जिल्लालाई हरियाली बनाउन र वन हराभरा बनाउन बिरुवा वितरणलाई अभियानकै रूपमा अगाडि बढाइएको डिभिजन वन कार्यालयका प्रमुख शरद् अधिकारीले जानकारी दिए । जिल्लाका कूल क्षेत्रफलमध्ये करिब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ । जिल्लाभर ६१६ वटा सामुदायिक वन र ४८५ वटा कबुलियती वन रहेको छ ।

# पाल्पाका किसानलाई चैते धान रोप्न चटारो



■ रामचन्द्र रायमाझी

**तानसेन (पाल्पा)**– आलु, गहुँलगायत बाली भित्र्याएका पाल्पाका किसानलाई चैते धान रोपाइँको चटारो थपिएको छ । यहाँका पूर्वखोला, रामपुर, रम्भा, निस्दीलगायत फाँटका अधिकांश किसान एक सातायता चैते धानको रोपाइँमा व्यस्त छन् ।

पूर्वखोला गाउँपालिका–३ कलौलीकी गोमाया कामु अहिले चैते धान रोप्न व्यस्त छिन् । गर्मी मौसमका कारण अन्य स्थानमा खडेरी परेको समयमा उनको परिवारलाई भने कुलोको पानीले सिञ्चित भएको पाँच रोपनी खेतमा चैते धान रोप्न भ्याइनभ्याइ छ । पानीको सुविधा भएको र उत्पादन पनि हुने भएकाले बर्सेनि चैते धान रोप्दै आएको कामु बताउँछिन् ।

'चैते धानका लागि पानीको समस्या हुँदैन । उत्पादन पनि राम्रै हुन्छ,' उनले भनिन्, 'त्यसैले वर्षौंदेखि निरन्तर हामीले चैते धान रोप्दै आएका छौं ।' चैते र बर्खे धान गरेर वर्षमा दुई बाली धान खेती गर्ने कामु बर्खे धानभन्दा चैते धान पर्याप्त उत्पादन हुने बताउँछिन् ।

गोमायाजस्तै डढेटाका सोमबहादुर थापालाई पनि चैते धान रोप्ने चटारो छ । खेत जोत्ने, पानी मिलाउने, ब्याड काट्नेदेखि धान रोप्न उनको परिवारलाई भ्याइनभ्याइ छ । उनले करिब दुई क√ा खेतमा चैते धान रोप्न थालेको बताए । 'फागुनमा राखेको धानको ब्याड हो । चैतको अन्तिमतिर रोपिसक्नुपर्ने हुन्छ,' थापाले भने, 'धान रोपेर सक्ने तयारीमा छौं ।' बेमौसमी खेतीका रूपमा रोपिने चैते धानबाट मनग्य आम्दानी हुने भएपछि आफ्नो परिवारले धेरै पहिलेदेखि नै चैते धान रोप्दै आएको उनी बताउँछन् । उनीहरूजस्तै यहाँका डढेटा, लाबे, सातबिसे, खैरेनी, आठबिसे, कलौली, चेवा मंगला, सुखौरालगायतका फाँटका प्रायः किसानलाई चैते धानको रोपाइँको हतारोले एकैछिन फुर्सद छैन ।

महिला हरियो धानको बीउ काड्न र रोप्नमा व्यस्त देखिन्छन् भने पुरुष खेत हिलाउन, आली गरा मिलाउनमै व्यस्त छन् । कतै किसानले हलगोरु लगाएर खेत जोतिरहेका छन् भने कतै गोरुको सट्टा ट्र्याक्टरको प्रयोग गरी हिलो फेटेको देखिन्छ । सिँचाइ सुविधा भएकाले चैत र बर्खा गरी दुईपटक धान रोप्ने चलन रहेको छ । यहाँ फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने प्रचलन रहेको छ । 'सबै छिमेकी जम्मा भएर आपसमा रोपाइँको मेलापातमा सघाइरहेका छौं । यो बेला हाम्रा लागि व्यस्त समय हो,' डढेटाकी किसान मनु दिसुवाले भनिन्, 'यहाँ पानीको स्रोतको समस्या नभएकाले धमाधम रोपाइँ भइरहेको छ ।'

यहाँका अधिकांश किसान वर्षौंदेखि चैते धानमा आकर्षित हुँदै आएका छन् । पूर्वखोलावासीले घरको धान प्रयोग गर्न कात्तिक महिना नै कुर्न पर्दैन, असार साउनमा पनि नयाँ धान भित्र्याएर आम्दानी गर्न सक्छन् । आफूले जानेदेखि नै हिउँदे धान रोप्दै आएको कलौलीकी किसान अग्निश्वरा बाह्रघरेले बताइन् । अधिकांश ठाउँका युवा विदेश गइरहेका बेला डढेटाका केही युवा भने कृषिमै लागेका छन् । डढेटा फाँटमा आली गरा मिलाउँदै गरेको अवस्थामा युवा देखिन्थे ।

आली लगाउँदै गरेका शिव दिसुवाले पुस्तौंदेखि आमाबुबाले लगाउँदै आएको धानखेतीलाई आफूले पनि निरन्तरता दिँदै आएको बताए । असारमा हुँदै आएको धान रोपाइँ चैत महिनामा पनि देख्न पाउँदा त्यहाँ पुग्ने नयाँ पुस्ता भने दंग छन् । कृषिमा आधुनिक प्रविधिसँगै बेमौसमी खेतीको प्रयोग बढ्दै गएको पाइन्छ ।

विशेषगरी यहाँका वडा नं २, ३ र ४ मा रहेका फाँटमा चैते धान रोपाइँ हुने गरेको गाउँपालिकाकी कृषि शाखा प्रमुख चाँदनी चौधरीले बताइन् । उनका अनुसार यहाँ १५ हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुने गरेको छ । यस वर्ष सोमबारसम्म १० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भइसकेको उनले बताइन् । यहाँका अधिकांश फाँटमा पर्याप्त मात्रमा सिचाँइको सुविधा भएकाले कृषक दुई याम नै धानखेतीतर्फ आकर्षित हुने गरेका छन् ।

कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाउने गरेको पालिका अध्यक्ष नुनबहादुर थापाले बताए । उनले भने, 'हामीले बीउविजन, मल, प्राविधिक सहयोग कृषि क्षेत्रमा गर्दै आएका छौं, त्यसैले पनि कृषक कृषि कर्म गर्न उत्साहित हुनुहुन्छ ।' यहाँका खोलाबाट कुलो बनाएर कृषकले धान रोप्ने गरेको अध्यक्ष थापाले बताए ।

विगतमा स्थानीय जातको धान लगाउँदा कृषकले उत्पादन कम गरे पनि पछिल्लो समय उन्नतजातको बीउ लगाउन थालेपछि उत्पादनमासमेत वृद्धि भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले बताए । उनले बाँझो जग्गाको सदुपयोग गर्ने गरी कृषकलाई पालिकाले प्रोत्साहनका कार्यक्रम समेत ल्याउने गरेको बताए । पाल्पाका अन्य फाँटहरूमा पनि यतिबेला चैते धान रोप्ने चटारो छ । फागुन महिनामा बीउ राखेर चैत महिनामा हिउँदे धान रोप्ने चलन रहेको छ । पाल्पामा नियमित रूपमा कुलो लाग्ने र प्रशस्त पानी भएका खोला नालाका फाँटमा चैते धान रोप्ने गर्छन् ।

जिल्लामा धानबाली लगाइने फाँटमध्ये ६२० हेक्टरमा चैते धानको खेती गरिन्छ भने ७०० कृषकले चैते धान लगाउँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । हिउँदे धानखेती गरेपछि चामल किन्न नपर्ने यहाँका किसानको भनाइ छ । बेमौसमी कृषि खेती गर्ने प्रचलन बढे पनि हिउँदे धान रोपाइँ भने परम्परादेखि हुँदै आएको हो । हिउँदे धानको उत्पादनले धेरै परिवारलाई राहत मिलेको छ । बाह्रैमास सिँचाइको सुविधा विस्तार गर्न सकेमा पाल्पाका अन्य फाँटमा पनि हिउँदे धान रोप्न सकिने हावापानी रहेकाले सरकारले सिँचाइ सुविधा उपलब्ध गराउन ध्यान दिन जरुरी छ । *रासस*

# राप्तीमा गोहीको गुँड खोज्दै निकुञ्ज

**चितवन (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जले घडियाल गोहीको गुँड खोज्ने कार्य सुरू गरेको छ । राप्ती नदी क्षेत्रमा चैत १ गतेदेखि गुँड खोज्ने कार्य सुरू गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार अहिलेसम्म १४ वटा गुँड फेला परिसकेका छन् । वैशाख १० गतेसम्म चितवन निकुञ्जले दुई जना कर्मचारी खटाएर गुँड खोज्ने कार्य गरिएको छ । स्थानीय बोटे समुदायका व्यक्तिहरूले गोहीको गुँड खोज्ने कार्य गरिरहेका छन् । उनीहरूले गुँड खोजेर त्यसको रेखदेख गर्ने उनले बताए । वैशाख १५ गतेपछि गोहीको अण्डा संकलन गर्ने तयारी गरिएको उनले बताए ।

गत वर्ष राप्ती नदीमा भेटिएका १६ वटा गुँडमध्ये आठवटा गुँडका अण्डा निकालिएको थियो । २४७ वटा अण्डा संकलन गरी कोरलिएको उनले बताए । उनले भने, 'अहिले गुँड खोजेपछि कतिवटा गुणको अण्डा निकाल्ने भन्ने तय गरिने छ ।' निकुञ्जले गोही प्रजनन केन्द्र स्थापना गरेर नदी किनारका जोखिममा रहेका गुँडबाट अण्डा संकलन गरेर प्रजनन केन्द्रमा ल्याएर कोरल्ने गरिन्छ । कोरलिएका बच्चाहरू हुर्काएर पुनः विभिन्न नदीहरूमा छोड्ने गरिएको छ ।

यहाँ उत्पादन गरिएको घडियाल गोही चितवनको नारायणी, राप्ती, कर्णालीलगायतका नदीमा छाडिँदै आएको थियो । पछिल्लो समयमा राप्ती र नारायणीमा मात्रै छाड्ने गरिएको छ । सन् १९७८ मा प्रजनन केन्द्र स्थापना भएपछि गोहीको बच्चा हुर्काएर सन् १९८१ बाट नदीमा छाड्न थालिएको हो ।

# १० स्थानीय तहका २० वडा डढेलोको उच्च जोखिममा

**खोटाङ**– १० स्थानीय तह रहेको खोटाङका २० वटा वडा डढेलोको उच्च जोखिममा रहेका छन् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र जिल्ला विपद् व्यवस्थापन समितिले दुई नगरपालिका र आठ गाउँपालिकाका ७९ वटा वडामध्ये २० वटा वडालाई डढेलोको उच्च जोखिममा राखेको हो ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको दिक्तेल, जालपा, बुइपा, हलेसी तुवाचुङ नगरपालिकाको बाहुनीडाँडा, दुर्छिम, महादेवस्थान, अर्खौले, राजापानी, रावाबेँसी गाउँपालिकाको लामिडाँडा, ऐसेलुखर्क गाउँपालिकाको ऐसेलुखर्क, केपिलासगढी गाउँपालिकाको बाक्सिला डढेलोको उच्च जोखिममा रहेको डिभिजन वन कार्यालय खोटाङले जनाएको छ । समितिका अनुसार खोटेहाङ गाउँपालिकाको सबै वडाहरू लिकुवापोखरी, वाप्लुखा, सावाकटहरे, बडकादियालो, चिप्रिङ, इन्द्रेणीपोखरी, खोटाङबजार, सिम्पानी, लिच्किराम्चे डढेलोको उच्च जोखिममा छन् ।

डढेलोको मध्यम जोखिममा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको सोल्मा, बाम्राङ, खाल्ले, लफचाङ, पाथेका, खार्मी, नुनथला, विजयखर्क, हलेसी तुवाचुङ नगरपालिकाको डिकुवा, च्यास्मिटार, बडहरे, मंगलटार, धितुङ, सल्ले, रावाबेँसी गाउँपालिकाको खार्पा, ऐसेलुखर्क गाउँपालिकाको ज्यामिरे, दिप्रुङ चुइचुम्मा गाउँपालिकाको छितापोखरी, जन्तेढुंगा गाउँपालिकाको देविस्थान, काहुले, चिसापानी, दिप्लुङ र बराहपोखरी गाउँपालिकाको फाक्टाङ रहेका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले दुई नगरपालिका र आठ गाउँपालिकाले आगलागीजन्य विपद्लाई न्यूनीकरण तथा रोकथाम गर्ने ढाँचाको सूचना, जिंगल तयार गरी स्थानीय सञ्चारमाध्यमको समन्वयमा प्रकाशन/प्रसारण गर्ने गराउनुपर्ने निर्णय गरेको छ ।

सुक्खा मौसम र हावाहुरीको सिजन सुरू भएसँगै जिल्लाका ७९ वटा वडामध्ये २० वटा वडालाई डढेलोको उच्च, २२ वटा वडालाई मध्यम र ३७ वटा वडालाई डढेलोको न्यून जोखिममा स्तरीकरण गरिएको डिभिजन वन कार्यालय खोटाङका डिभिजन प्रमुख उदिमप्रसाद राईले बताए । 'डढेलोको उच्च जोखिममा रहेका २० वटा वडालाई लक्षित गरेर डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी स्थानीय सञ्चारमध्यमबाट प्रचारप्रसार, हाते ब्रुसरहरू वितरण, वन समूहहरूमा अन्तरक्रियालगायतका कार्यक्रम सुरु गरिएको छ,' उनले भने, 'वन डढेलो नियन्त्रण गर्नका लागि विभिन्न सामग्रीहरू खरिद गरेर सकेमा वन समूहलाई उपलब्ध गराउने, सब डिभिजनस्तरमा राख्ने र मुख्यगरी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई उपलब्ध गराउने तयारी गरिरहेका छौं ।'

जिल्लास्थित सबै स्थानीय तह र रेडक्रसले आफ्नो मातहत रहेका विपद् नियन्त्रण र प्रतिकार्य गर्नका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरी सामग्री मौज्दातको विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउन भनिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले बताए । गत वर्ष जिल्लाको विभिन्न स्थानमा गरी ६५ वटा वनमा डढेलो लागेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

यस वर्षको सुक्खायाम सुरू गएलगत्तै हलेसी तुवाचुङ नगरपालिका–२ बाहुनीडाँडाको विभिन्न सामुदायिक वनमा लागेको डढेलो गाउँ पस्दा नौवटा घर तथा सोही नगरपालिका–५ दुर्छिममा चार घर जलेर नष्ट भएका छन् । डिकुवामा चैत ४ गते तथा दुर्छिममा चैत ८ गते विभिन्न सामुदायिक वनमा लागेको डढेलो अनियन्त्रित भई गाउँ पस्दा ठूलो क्षति भएको हो ।

राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा वन ऐन २०७६ को परिच्छेद १५, कसुर र सजायअन्तर्गत क्षतिको बिगो असुल गरी तीन वर्षसम्म कैद वा ६० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । तर, जिल्लामा भएका डढेलो तथा आगजनीका घटनामा अहिलेसम्म कसैलाई पनि कारबाही गरिएको छैन । *रासस*

# लोमान्थाङमा अस्पताल बन्यो, उपकरण र जनशक्ति खाँचो

**मुस्ताङ**– उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा पाँच शयाको आधारभूत अस्पताल भवन निर्माण गरिएको छ । संघीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमअन्तर्गत लोमान्थाङ गाउँपालिकाको सहलगानीमा साढे दुईतले आधारभूत स्वास्थ्य सेवा भवन निर्माण गरिएको हो ।

उपल्लो मुस्ताङका नागरिकलाई स्वास्थ्य सेवा पुऱ्याउनेगरी आर्थिक वर्ष २०७८/७९ मा पूर्वाधार निर्माणको ठेक्का सम्झौता गरिएको थियो । सम्झौता अवधि दुई वर्ष रहेको लोमान्थाङस्थित आधारभूत स्वास्थ्य सेवा पूर्वाधार निर्माण चल्दै गर्दा कोरोना माहामारी र प्रतिकूल मौसमलगायतका कारण तोकिएको समय सम्पन्न हुन सकेको थिएन । ठेक्का सम्झौताअनुसार उक्त भवन आव २०८०/८१ जेठमा सकिनुपर्ने थियो ।



लोमान्थाङ–५ लोमान्थाङ बजार नजिक २७ कोठे भवन निर्माण गरिएको हो । उक्त भवन सात करोड १९ लाख रूपैयाँको लागतमा निर्माण सम्पन्न गरिएको गाउँपालिकाका निमित्त कार्यालय प्रमुख विकास केसीले जानकारी दिए । विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने उद्देश्यले शल्यक्रिया कक्ष, एक्सरे कक्ष, ल्याब कक्ष, प्रसूति कक्ष, फार्मेसी कक्षलगायत चिकित्सक तथा स्वास्थ्यकर्मी बस्ने आवास निर्माण गरिएको उनले जानकारी दिए ।

लोमान्थाङका अध्यक्ष टसीनर्बु गुरुङले उपल्लो मुस्ताङका नागरिकलाई आधार भूत स्वास्थ्य सेवाको सुविधा पुऱ्याउन भवन निर्माण गरिएको बताए । भवन बनेपनि सेवा सञ्चालन गर्न उपकरण र जनशक्ति अभाव भएको उनको भनाइ छ । 'सेवा सञ्चालन गर्न संघीय तथा प्रदेश सरकारको सहयोगको आवश्यकता छ,' अध्यक्ष गुरुङले भने । *रासस*

प्रभाव दैनिक





## मण्डलामा गुञ्जिँदै गायक सिग्देल

लोकप्रिय गजल गायक राज सिग्देलले एकल गजल गायन गर्ने भएका छन् । शनिबार (चैत १६ गते) नयाँ बाँनेश्वर, थापागाउँस्थित मण्डला थिएटरमा आयोजित बिम्ब उत्सवमा सिग्देलले एकल गजल प्रस्तुत गर्ने भएका हुन् । बिम्ब आर्टसको प्रस्तुतिमा रहेको एकल गजल गायन दिउँसो ४ बजेबाट सुरू हुनेछ । आयोजक बिम्ब आर्टस्की संगीता थापा मगरका अनुसार कार्यक्रममा अन्य संगीतकार चण्डिप्रसाद काफ्ले, सुरेश गैरे, केशव पौडेल, एलिया सुनुवार, राज सागर र दिनेश गौतमको पनि उपस्थिति रहनेछ । गायक सिग्देलले १३ बर्षपछि आफूले एकल गजल गायन गर्न लागेको जानकारी दिए ।





# र्‍याम्पमा सेलिब्रेटी



**काठमाडौं (प्रस)–** अभिनेत्री स्वस्तिमा खड्का, प्रियंका कार्की, नीति शाह, सृष्टि श्रेष्ठ, आना शर्मा, नम्रता श्रेष्ठ, मिस नेपाल प्रतियोगीता प्रियंका रानी जोशी, मिस्टर नेपाल समर्पण जङ्ग कार्की, मोडल सविता कार्की, सोफिया भुजेल, आस्था पोखरेल लगायतका चर्चित सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत भएका छन् । शुक्रबार साँझ आयोजित १४औं संस्करणको जोय 'आइइसी डिजाइनर रनवे' नामक फेसन शोमा उनीहरू शो टपरको रूपमा विभिन्न आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत भएका हुन् ।

जोय कस्मेटिक नेपालको प्रस्तुति रहेको शोमा ५० डिजाइनरले डिजाइन गरेका बिभिन्न पहिरनका आकर्षक डिजाइन सेलिब्रेटीको अलवा मोडलहरूले बिभिन्न १२ सिक्वेलमा प्रस्तुत गरेका थिए ।

भारतको चर्चित अन्तर्राष्ट्रिय कोरियोग्राफर यतिन नरेन्द्र गान्धीको समेत सहभागिता रहेको दारबारमार्ग स्थित होटल याक एण्ड यतिमा आयोजना भएको शोको म्यानेजमेन्ट जिम्मेवारी नेक्स्ट मोडल्स नेपालले गरेको हो । यही संस्करणको बाँकी फेसन शो शनिबार निरन्तर हुने नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए ।

शोमा आइसी कलेजका २०२३ ब्याजका १०२ जना विद्यार्थी डिजाइनरहरूले तयार पारेका फरक फरक पहिरनका डिजाइनहरू २५ सिक्वेलमा प्रस्तुत हुनेछ ।

आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले 'आइइसी डिजाइनर रनवे'को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुर्याउनु रहेको बताइन् । बिगतका बर्षमा एक दिन आयोजना भएको यसबर्ष अझै भव्य रूपमा दुई दिन आयोजना गरिएको हो ।

# गुरूङको 'हिउँको गीत' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** पोखराका साहित्यकार तीर्थ गुरुङको नयाँ उपन्यास 'हिँउको गीत'को काठमाडौंमा विमोचन भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा शनिबार उक्त कृति विमोचन गरिएको हो ।

विमोचनमा लेखक सुविन भट्टराई, बिना थिङ र समाजशास्त्री डा। गणेश गुरुङले मन्तव्य राखेका थिए । कार्यक्रममा बोल्दै सुविनले गुरुङको औपन्यासिक पुस्तकमाथि फिल्म बनाए अद्भूत हुने बताए ।

बिना थिङ तामाङले उक्त पुस्तक सबाल्र्टन लिटरेचर रहेको बताइन् । गणेश गुरुङले कृतिलाई गुरुङ इतिहासको यथार्थ चित्रणका रूपमा व्याख्या गरे ।




कार्यक्रम लेखक गुरुङ सुशान्तले चलाएका थिए भने लेखक परिचय अर्का लेखक भूपिनले दिएका थिए । कार्यक्रममा वरिष्ठ पत्रकार युवराज घिमिरे, लेखकहरू कुमार नगरकोटी, नारायण ढकाल, पत्रकार एवं लेखक यज्ञश तथा वरिष्ठ रंगकर्मी अनुप बराल लगायत सहभागी रहे ।

गुरुङको कृति सांग्रिला बुक्सले बजारमा ल्याएको हो । ४२७ पृष्ठको उपन्यासको हार्डकभर मूल्य १ हजार ९५ रूपैयाँ छ ।

# कोइरालालाई उत्कृष्ट निर्देशकको अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैर आवसिय नेपाली संघ 'एनआरएनए' थाइल्याण्डका अध्यक्ष भविन्द्र वस्नेतको प्रमुख आतिथ्यतामा बैंककमा 'पाँचौं हिमालयन अन्तर्राष्ट्रिय अवार्ड २०२५' बिभिन्न क्षेत्रमा अमुल्य योगदान पुराएका व्यक्तिलाई अर्पण गरिएको छ ।

नेपाली राष्ट्रिय गानबाट सुरू गरिएको समारोहमा ईशान श्रेष्ठले मञ्जुश्री नृत्य प्रस्तुत गरेका थिए भने नृत्य निर्देशक कृष्ण रसाल, केशव कोइराला, मोडल शिला गजुरेल, जोशिफा गुरूङ, पुजन काफ्ले लगायतले आफ्ना प्रस्तुतिमार्फत दर्शकको मन जित्न सफल भएका थिए ।

समारोहमा नेपाली गीतसंगीत र मौलिक नृत्य संरक्षण सम्वर्द्धनमा अतुलनिय योगदान पुऱ्याएकोमा चर्चित नृत्य निर्देशक केशव कोइरालालाई बेष्ट निर्देशकको अवार्ड अर्पण गरिएको थियो ।



निर्देशक कोइराला लामो समय देखि नृत्य प्रशिक्षकको रूपमा सक्रिय छन् भने नृत्य निर्देशक संघ नेपालका कोषाध्यक्ष पनि हुन् । त्यसैगरी हिमालय टाइम्स दैनिकका उपसम्पादक एवं मिलाप मासिकका सम्पादक कृष्ण भुसाललाई 'पत्रकारिता रजत सम्मान'ले विभूषित गरिएको थियो ।

## रंगशाला

प्रधानमन्त्री कप क्रिकेट

# नेपाल पुलिस च्याम्पियन



■ प्रभाव संवाददाता

**भैरहवा (रूपन्देही)–** प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । शनिबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई छ विकेटले पराजित गर्दै पुलिसले उपाधि जितेको हो ।

जितका लागि १५५ रनको लक्ष्य पछ्याएको पुलिसले २५.२ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । उसका लागि ओपनर कुशल भुर्तेलले ६१ रन बनाए । कूल ७० बलको सामाना गरेका उनले सात चौका र तीन छक्का प्रहार गरे । यस्तै अमित श्रेष्ठले ३९ र दिलिपनाथले अविजित ३१ रन बनाए ।

आर्मीका लागि साहब आलमले तीन र नरेन साउदले एक विकेट लिए ।

त्यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले ४३ ओभरमा सबै विकेट गुमाउदै १५४ रन बनाएको थियो । २५ रनमै ५ विकेट गुमाएको आर्मीका लागि कप्तान विनोद भण्डारी र वसीर अहमदले ७५ रन बढीको साझेदारी गरेका थिए । उसका लागि बसीर अहमदले १०४ बलको सामना गर्दै नौ चौका र एक छक्काको सहयोगमा ८६ रन बनाए भने कप्तान विनोद भण्डारीले २९ रनको योगदान दिए । त्यसबाहेक विवेक यादवले ११ रन बनाउदा अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंक समेत जोड्न सकेनन् ।

आर्मीलाई सस्तोमै समेट्ने क्रममा बलिङतर्फ नेपाल पुलिसका करण केसीले ७ ओभरमा एक मेडेनसहित ३० रन खर्चेर तीन विकेट लिए । सागर ढकालले आठ ओभरमा २९ रन खर्चेर तीन विकेट लिँदा कप्तान दीपेन्द्र सिंह ऐरीले दुई र ललित राजवंशी र गुलशन झाले समान एक/एक विकेट लिए ।

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअर्न्तगत यसपटक ४६ वटा खेलहरू खेलाइएको थियो । यी सबै खेल पहिलो पटक काठमाडौं बाहिर रूपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रंगशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रंगशाला र दांगको लमहिमा रहेको देउखुरी अन्तरराष्ट्रिय रंगशालामा आयोजना भएको हो । प्रतियोगितामा ७ वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीको बिभागिय टोलीसहित १० वटा टोलीहरूले सहभागीता जनाएका थिए ।

टी-२० आई सिरिज

# अनिल र सन्दीप बन्द प्रशिक्षणमा परेनन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले ओपनर अनिलकुमार साह र लेग स्पिनर सन्दीप लामिछानेलाई बाहिर राख्दै टी-२० आई सिरिजका लागि २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको छ । क्यानले शनिबार हङकङमा हुने सिरिजका लागि २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो । तर, प्रशिक्षणमा बोलाइएको खेलाडीको सूचीमा नियमित ओपनर अनिलसँग लेग स्पिनर सन्दीपको नाम भने समावेश छैन ।

अनिलले शनिबार सम्पन्न प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा मधेश प्रदेशको कप्तानी गरेका थिए । उनको नेपाल प्रिमियर लिग (एनपिएल) मा हात भाँचिएको थियो । तर, रिकभर भएर फर्किएका उनले नौ इनिङ्स खेल्दै २२६ रन बनाएका थिए । यसक्रममा उनले दुई अर्धशतक प्रहार गरेका थिए । तर, हातको चोट पुनः बल्झिएको कारण उनी




बन्द प्रशिक्षणमा नफर्किएका हुन् ।

यस्तै, सन्दीपले भने हर्नियाको अप्रेसनका कारण प्रधानमन्त्री कपमा सहभागिता जनाएनन् । उनी अझै रिकभर भएका छैनन् । यी दुई मुख्य खेलाडी बाहिरिँदा किरण ठगुन्ना, दीपेन्द्र रावत, रूपेश सिंह र अर्जुन घर्तीजस्ता नयाँ खेलाडीले स्थान बनाएका छन् ।

क्यानका अनुसार ९ देखि १३ अप्रिलसम्म हुने सिरिजमा नेपाल र घरेलु टोली हङकङसहित कतार र कुवेतले सहभागिता जनाउने छन् ।

नेपालले कतारसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । दोस्रो खेल अप्रिल १० मा कुवेत र तेस्रो तथा अन्तिम खेल अप्रिल १२ मा हङकङसँग खेल्नेछ । लिग चरणमा शीर्ष दुई टोलीले फाइनल खेल्ने छन् । तेस्रो र चौथो स्थानमा रहने टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# चर्च ब्वाइजलाई तिलोत्तमा कपको उपाधि

■ प्रभाव संवाददाता

**बुटवल–** चर्च ब्वाइज युनाइटेड क्लबले २३औं तिलोत्तमा गोल्डकपको उपाधि जितेको छ ।

देविनगरस्थित एन्फा टेक्निकल खेलमैदानमा शनिबार सम्पन्न फाइनलमा चर्च ब्वाइजले विभागीय टोली एपिएफलाई २-० ले पराजित गरेको हो । उपाधिसँगै चर्च ब्वाइजले १२ लाख १२ हजार २२२ रूपैयाँ हात पारेको छ । एपिएफले भने ६ लाख ६६ हजार ६६६ रूपैयाँमा चित्त बुझाएको थियो ।

चर्च ब्वाइजलाई उपाधि दिलाउन रिचर्ड विल्सन र राज भुषालले गोल गरेका हुन् । चर्च ब्वाइजले खेलको १९औं मिनेटमै अग्रता लिएको थियो ।

विल्सनले सेट पीसको सदुपयोग गरे । राजको कर्नरमा आएको बललाई उनले हेडिङमार्फत जाली चुमाएका हुन् । पहिलो हाफमा १-० को अग्रता लिएको चर्च ब्वाइजले दोस्रो हाफमा पनि गोल थप्यो ।

६५औं मिनेटमा राज आफैंले गोल गरे । अमन लामाले पेनाल्टी बक्सनजिकबाट प्रहार गरेको फ्रिकिकलाई एपिएफका गोलकिपर विशाल गुरुङले बचाएका थिए ।

तर, रिबाउन्डमा राजले गोल गरेका हुन् । उनले दोस्रो प्रयासमा सिक्स यार्ड बक्सबाट बललाई फिनिसिङ गरे ।

# भूकम्पप्रभावित म्यान्माको एक आवासीय भवनमा ९० जनाभन्दा बढी फसेको आशंका

**माण्डले, म्यान्मा–** मध्य म्यान्माको मान्डलेमा विनाशकारी भूकम्पका कारण ध्वस्त भएको एक अपार्टमेन्ट ब्लकमा भग्नावशेषभित्र ९० जनाभन्दा बढी मानिस फसेको हुनसक्ने रेडक्रसका एक अधिकारीले शनिबार बताएका छन् । शुक्रबार गएको ७.७ म्याग्निच्यूडको भूकम्पबाट सबैभन्दा बढी प्रभावित मान्डलेका भवनमध्ये 'स्काई भिल्ला कन्डोमिनियम डेभलपमेन्ट' पनि एक हो ।

उक्त भवनको भग्नावशेषबाट 'नौ जनाको मृत शरीर र ४४ जनालाई जीवितै निकालिएको छ,' घटनास्थलमा रहेका रेडक्रसका एक अधिकारीले नाम नबताउने सर्तमा एएफपीसँग भने, '९० जनाभन्दा बढी मानिस भित्र हुन सक्छन् । हामी अझै पनि डेटा संकलन गरिरहेका छौं । हराएका परिवारका सदस्यहरूको खोजी गरिरहेका छन् र हामीले सूचना संकलन गरिरहेका छौं ।'

भूकम्पका कारण म्यान्मामा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको छ तर सञ्चार सेवा नराम्ररी अवरुद्ध भएको छ । विपत्तिको वास्तविक परिमाण बाहिर आउन थालेको छ ।

यो दशकौंपछिको देशको सबैभन्दा ठूलो भूकम्प हो जसमा १७ लाखभन्दा बढी जनसंख्या भएको दोस्रो ठूलो सहर मान्डले नराम्ररी प्रभावित भएको छ ।



भूकम्पका कारण स्काई भिल्ला कोन्डोको १२ तल्लामध्ये छ तलामात्र दखिएको छ । भूकम्पले सडक तथा पुलहरू भत्काएको कारण भग्नावशेष हटाउनका लागि आवश्यक साधनहरू लिएर प्रभावित क्षेत्रमा पुग्न समस्या भइरहेको छ । स्थानीयस्तरमा उपलब्ध डोजर र स्काभेटरले विशेषज्ञहरूको सहयोगमा काम गरिरहेका छन् । *रासस/एएफपी*

# वासिङ्टनद्वारा युएसएडको औपचारिक योजनाको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था युएसएडलाई प्रभावकारीरूपमा 'पुनर्गठन' गर्ने घोषणा शुक्रबार गरेको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आज विदेश मन्त्रालय र अमेरिकी अन्तर ाष्ट्रिय विकास नियोग (युएसएड) ले सन् २०२५ को जुलाई १ सम्ममा विभागलाई युएसएडका केही कार्यहरू पुनः समेट्नेगरी पुनर्गठन गर्ने आफ्नो आशयबारे कंग्रेसलाई सूचित गरेका छन् ।'

'विदेश मन्त्रालयले प्रशासनको प्राथमिकतासँग मेल नखाने 'युएसएड'का बाँकी कामहरू बन्द गर्ने योजना बनाएको छ,' उनले भने, 'दुर्भाग्यवश युएसएडका कार्यक्रममा लाभ धेरै कम थियो र लागत धेरै उच्च थियो । संस्था धेरै पहिले नै आफ्नो मूल अभियानबाट पछि हटेको थियो ।'

गत जनवरीमा पदभार ग्रहण गरेपछि रिपब्लिकन राष्ट्रपति ट्रम्पले ९० दिनका लागि अमेरिकी वैदेशिक सहायता रोक्का गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । यसपछि युएसएआइडीका




विभिन्न कार्यक्रमहरूमा नाटकीय कटौती गरियो र महत्त्वपूर्ण मानवीय सहायताका लागि केही छुटहरू दिइयो ।

सन् १९६१ मा अमेरिकी कंग्रेसले सिर्जना गरेको स्वतन्त्र एजेन्सीमाथि सहायता रोक्काले स्तब्ध र निराश बनाएको छ । विदेश सम्बन्धसम्बन्धी समितिमा सिनेटका डेमोक्रयाट संसद्हरूले यस कदमको निन्दा गर्दै एक विज्ञप्तिमा भनेका छन्, 'पुनर्गठनले 'युएसएडका कुनै पनि कार्यक्रमहरू कार्यान्वयन गर्न असम्भवमात्र बनाउने छैन, तर विदेश विभागमाथि थोपरिएको बोझले यसको मूल मिशनमा विशेष व्यवधान निम्त्याउने छ ।'

'यो प्रस्ताव गैरकानुनी, खतरनाक र गलत छ,' विज्ञप्तिमा भनिएको छ । बन्द हुनुअघि युएसएडले करिब ४३ अर्ब अमेरिकी डलरको वार्षिक बजेट व्यवस्थापन गरेको थियो, जुन विश्वको मानवीय सहायताको ४० प्रतिशतभन्दा बढी हो । ट्रम्पले पदभार ग्रहण गरेलगत्तै त्यहाँका अधिकांश कर्मचारीलाई प्रशासनिक बिदामा राखिएको थियो ।

युएसएडका कर्मचारीहरूलाई शुक्रबार एक पत्रमार्फत कानुनले आवश्यक नपरेका सबै रोजगारी हटाउने योजनाबारे जानकारी गराएको विभिन्न अमेरिकी सञ्चार संस्थाहरूले जनाएका छन् । पत्रमा स्वतन्त्र निकाय युएसएडका कार्यवाहक प्रमुख जेरेमी लेविनले अमेरिकी विदेश मन्त्रालयले आगामी महिनाहरूमा युएसएडका अधिकांश स्वतन्त्र कार्यहरू बन्द गर्ने योजना बनाएको बताएका छन् । *रासस/एएफपी*

# थाइल्याण्ड र म्यान्माका भूकम्पपीडितका लागि सहायता र आश्वासन आउने क्रम जारी

बैंकक, थाइल्याण्ड- युद्धग्रस्त म्यान्मा र छिमेकी मुलुक थाइल्याण्डमा गएको शक्तिशाली भूकम्पमा परी एक हजारभन्दा बढीको मृत्यु हुनुका साथै व्यापक क्षति भएको छ । विश्व समुदायबाट भूकम्पप्रभावित क्षेत्रमा आर्थिक राहत तथा सहायता र भौतिक सहयोग आउने क्रम जारी रहेको छ । भूकम्पका कारण म्यान्मामा हजारौं व्यक्ति मारिएका हुनसक्ने घटनास्थलमा पुगेका सहयोगी समूहहरूले जानकारी गराएका छन् ।



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले भूकम्पपछिको 'ट्रमा इन्जुरी' सामग्री तयार गर्न दुबईमा रहेको आफ्नो केन्द्रलाई परिचालन गरिरहेको र यसको आपत्कालीन व्यवस्थापन प्रतिकार्यलाई गति दिएको जनाएको छ । प्रवक्ता मार्गरेट हचारिसले जेनेभास्थित मुख्यालयबाट भूकम्प प्रतिकार्यका लागि समन्वय गरिरहेको जानकारी दिँदै भने, 'हामी यसलाई ठूलो घटनाका रूपमा हेरिरहेका छौं ।'

चीनको आपत्कालीन व्यवस्थापन मन्त्रालयले शनिबार ८२ जनाको उद्धार टोली म्यान्मा पठाएको जनाएको छ । चीनको युनानबाट एउटा छुट्टै उद्धार टोली शनिबार म्यान्माको व्यापारिक केन्द्र यांगुन आइपुगेको सिसिटिभीले जनाएको छ । चीन सरकारले म्यान्मालाई आपत्कालीन मानवीय सहायताका लागि १० करोड युआन (एक करोड ३८ लाख अमेरिकी डलर) पनि उपलब्ध गराउने घोषणा गरेको छ ।

म्यानमामा शनिबार एक भारतीय सहायता विमान अवतरण गरेको छ । भारतीय विदेशमन्त्री सुब्रमण्यम जयशंकरले सी-१३० सैन्य परिवहन विमानलाई हाइजिन कीट, कम्बल, खाद्य पार्सल र अन्य आवश्यक सामग्रीहरू लिएर पठाइएको जानकारी दिए । उनले भने, 'सहयोग लिएर गएको उडानमा खोजी तथा उद्धार टोली र मेडिकल टोली पनि रहेको छ ।' उनले घटनाक्रमको अनुगमन जारी राख्ने र थप सहयोग पठाइने पनि उल्लेख गरे ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले म्यान्मा भूकम्पपछि त्यहाँको प्रभावित क्षेत्रका वासिन्दालाई सहयोग गर्ने बताएका छन् । 'यो भयानक प्राकृतिक विपत्ति भएको छ,' ट्रम्पले ओभल अफिसमा पत्रकारसँग भने । 'यो वास्तविक एक विनाशकारी विपत्ति हो । हामी मद्दत गर्ने छौं । हामीले प्रभावित मुलुकसँग कुरा गरिसकेका छौं ।'

दक्षिण कोरियाको विदेश मन्त्रालयले भूकम्पपछि 'तत्काल उद्धार र राहत कार्यमा सहयोग गर्न' २० लाख अमेरिकी डलर मानवीय सहायता पठाउने जनाएको छ । 'कोरियाली सरकारले आफ्नो सहयोगले प्रभावित क्षेत्रमा जीवन बचाउन र दुःख कम गर्न मद्दत गर्ने आशा गरेको छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । सियोलले पनि स्थितिको मूल्यांकन र प्रभावित मुलुकसँग राय लिई थप सहयोग पठाउन सक्ने बताएको छ ।

इरानको विदेश मन्त्रालयले शनिबार म्यान्मा र थाइल्याण्डका जनता र सरकारप्रति तेहरानको समवेदना पठाउँदै मानवीय प्रयासमा सहयोग गर्न तयार रहेको बताएको छ । 'विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बाकाइद्वारा हस्ताक्षरित एक विज्ञप्तिमा 'राहत र उद्धार प्रक्रियामा सहयोग गर्न इरान तयार रहेको घोषणा गरिएको छ ।'

मलेसियाको विदेश मन्त्रालयले म्यान्मामा पनि टोली पठाउने जनाएको छ । मन्त्रालयका अनुसार एक जना कमाण्डरसहित ४९ जना तालिमप्राप्त उद्धारकर्मीले जारी मानवीय तथा विपद् राहत कार्यमा सहयोग पुर्‍याउने छन् । म्यान्मा र थाइल्याण्ड सदस्य रहेको दक्षिणपूर्वी एशियाली समूह आसियान दुवै देशलाई सहयोग गर्न तयार रहेको विदेशमन्त्री मोहम्मद हसनले बताए ।

इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबियान्तोले म्यानमा र थाइल्याण्डप्रति समवेदना प्रकट गर्दै सहयोगको प्रस्ताव गरेका छन् । 'यस कठिन घडीमा हाम्रो विचार र प्रार्थना दुवै देशका जनताको साथमा छ,' उनले लेखेका छन्, 'इन्डोनेसिया प्रभावित क्षेत्रमा उद्धार प्रयासका लागि आवश्यक सबै सहयोग गर्न तयार छ ।' *रासस/एएफपी*


## Barju Rural municipality

**Office Of Rural Municipal Executive**

**Amhivelha, Sunsari**

**Koshi Province, Nepal**

**Invitation for Bids for the as per table below.**

**Contract Identification No: Re-BRM/SUNSARI/SQ/GOODS/5/2081/82**

**Date of publication: 30-03-2025**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Re-Bid, Apangata bhayeko byakti haru ko laagi sahayak samagri kharid.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office OfBarju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:2432050027873004
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 15th Sep 2024 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
   Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (All the items are non-vatable) | BidSecurity Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Re-Bid, Apangata bhayeko byakti haru ko laagi sahayak samagri kharid | Re-BRM/SUNSARI/SQ/GOODS/5/2081/82 | 1295426 | 35000.00 | 1,000.0 |

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| १७६२०० | ० | २०४० |

## व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गर्न निजी क्षेत्रको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार तिनकुने क्षेत्रमा भएका हिंसात्मक आन्दोलन, तोडफोड, लुटपाटजस्ता अराजक गतिविधिको विरोध जनाउँदै निजी क्षेत्रका पेसागत संगठनले दोषीलाई कारबाहीको माग गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायत निजी क्षेत्रका छाता संस्थाले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै सुरक्षित रूपमा व्यापार व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित गर्न माग गरेका हुन् ।

महासंघले निजी सम्पत्ति, सञ्चारगृह, व्यावसायिक प्रतिष्ठान, विभिन्न कार्यालय तथा व्यापारिक गतिविधिमा भएको आक्रमण, आगजनी तथा लुटपाटको विरोध जनाउँदै क्षतिपूर्तिको मागसमेत गरेको छ । 'संविधानप्रदत्त अधिकारभित्र रहेर आफ्ना माग राख्न पाइए पनि हिंस्रक आन्दोलन एवं प्रदर्शनका साथै लुटपाट, आगजनी, धनजनको क्षति र व्यक्तिगत सम्पत्तिमाथि आक्रमण निन्दनीय छ । कुनै पनि स्वरूपमा हुने यस प्रकारका घटनाप्रति महासंघ घोर निन्दा र भर्त्सना गर्दछ', महासंघको विज्ञप्तिमा भनिएको छ । सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र यस्ता घटनाको पुनरावृत्ति रोक्न पनि महासंघले आग्रह गरेको छ ।

यस्तै, उद्योग परिसंघले अराजक गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याउन माग गरेको छ । 'शुक्रबार निजी सम्पत्ति तथा सञ्चारगृहमा भएको तोडफोड, आगजनी, तथा व्यावसायिक प्रतिष्ठानमा भएको लुटपाटको घटना अत्यन्त दुःखद् हो । विभिन्न माग राखी आन्दोलन, प्रदर्शन गर्दा आमनागरिक, विभिन्न पेसा, व्यवसायमाथि भौतिक आक्रमण, व्यक्तिगत सम्पत्तिमाथि आगजनी, व्यावसायिक प्रतिष्ठानमा तोडफोड एवं लुटपाटजस्ता कार्य जहिले पनि निन्दनीय छ', जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निजी तथा सार्वजनिक सम्पत्तिमा तोडफोड तथा आगजनी, लुटपाटजस्ता अराजक गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याई सुरक्षित रूपमा व्यापार, व्यवसाय, पेसा गर्न पाउने अधिकारलाई सुरक्षित बनाउन परिसंघ माग गर्दछ ।'

विभिन्न माग राखी आन्दोलन, प्रदर्शन गर्न पाउने अधिकार सुरक्षित भए पनि यस्ता कार्यले अरु कसैको अधिकार हनन् गर्न हुँदैन भन्नेतर्फ समेत सचेत हुन निजी क्षेत्रले आग्रह गरेको छ ।

### महासंघद्वारा हिंस्रक गतिविधिको निन्दा

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई) र नेपाल उद्योग तथा व्यवसाय महासंघले शुक्रबार स्थानीय तीनकुनेमा भएको हिंस्रक घटनाको निन्दा गर्दै त्यसबाट भएको क्षतिको परिपूर्ति हुनुपर्ने माग गरेका छन् ।

दुवै महासंघले बेग्लाबेग्लै विज्ञप्ति निकालेर दोषीमाथि कारबाहीको माग पनि गरेका छन् । उनीहरूले विभिन्न माग राखी हुने आन्दोलन तथा प्रदर्शन र त्यसबाट सर्वसाधारण एवं उद्यमी व्यवसायीको पेशा व्यवसाय गर्न पाउने नैसर्गिक अधिकार हनन हुनका साथै निजी तथा सार्वजनिक सम्पत्तिमाथि हुने आक्रमण, लुटपाट, आगजनीलगायत गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन् ।

यही चैत १५ गते उक्त स्थानमा भएको आन्दोलनका क्रममा मानवीय क्षतिसँगै धनजनको क्षति भएकामा दुःख व्यक्त गर्दै एफएनसिसिआईले सर्वसाधारणको निजी जायजेथा, मिडिया हाउस, व्यावसायिक प्रतिष्ठानहरूको सम्पत्ति, कार्यालय र अन्य व्यापारिक गतिविधिहरूमा आक्रमण, आगजनी, लुटपाटलगायत हिंस्रक घटनाबाट क्षति भएकामा त्यसको भर्त्सना गर्दै क्षतिपूर्तिको माग गरेको छ ।

'संविधानप्रदत्त अधिकारभित्र रहेर आफ्ना माग राख्न पाइए पनि हिंस्रक आन्दोलन एवं प्रदर्शनका साथै लुटपाट, आगजनी, धनजनको क्षति र व्यक्तिगत सम्पत्ति माथिको आक्रमण निन्दनीय छ । कुनै पनि स्वरूपमा हुने यस प्रकारका घटनाप्रति नेपाल उद्योग वाणिज्य महासंघ घोर निन्दा र भत्सर्ना गर्दछ । साथै महासंघ सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न सम्बन्धित सबैमा आग्रह गर्दछ,' महासंघले आज जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यसैबीच, नेपाल उद्योग तथा व्यवसाय महासंघले पनि एक विज्ञप्ति निकालेर विगतदेखि नै देशका उद्योगी- व्यवसायीमाथि आक्रमण गर्दै वित्तीय संघसंस्थालाई ध्वस्त बनाई मुलुकको अर्थव्यवस्थालाई अप्ठ्यारो पार्न आक्रमण भएका, ती आक्रमणको उद्देश्य उद्योगी-व्यवसायी र आम जनतालाई आर्थिक रूपमा कमजोर बनाई राज्यलाई नै असफल बनाउने कुत्सित प्रयत्न भएको भन्दै त्यस्ता गतिविधिको निन्दा गरेको छ ।

शुक्रबार दिउँसो भएको तीनकुने तथा कोटेश्वरलगायत स्थानमा भएका आपराधिक गतिविधिको निन्दा गर्दै महासंघले स्वच्छ, पारदर्शी एवं भयरहित वातावरणमा व्यवसाय गर्ने वातावरण निर्माण गर्न सम्बद्ध सबैमा अनुरोध गरेको छ ।

'यस्ता गतिविधिहरूको विरुद्ध सचेत हुँदै व्यावसायिक जगत् र जनसमुदायको जनधनको सुरक्षाका लागि सम्पूर्ण सरोकारवाला पक्षलाई सचेत हुन महासंघ हार्दिक अपिल गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

साथै महासंघले शुक्रबारको घटनामा संलग्न सम्पूर्णलाई कानुनी दायरामा ल्याई तत्काल कारबाही गर्न, शान्तिसुरक्षाको प्रभावकारी व्यवस्थाका निम्ति सरकारलाई आग्रह गरेको छ । महासंघले गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि सबै उद्योगी व्यवसायीलाई सक्रिय रहन अनुरोध पनि गरेको छ ।



**रंगीचंगी फूल** | काठमाडौं महानगरपालिका– ४ मा अवस्थित शंखपार्कमा फुलेका विभिन्न रंगीचगी फूल ।

*तस्बिर : हरिराम भेटुवाल/रासस*

## घलेगाउँमा ग्रामीण पर्यटन प्रवर्द्धन तथा रजतजयन्ती समारोह हुँदै

■ प्रभाव संवाददाता

**सुन्दरबजार (लमजुङ)–** नेपालको प्रमुख ग्रामीण पर्यटन गन्तव्य घलेगाउँमा 'पर्यटन प्रवर्द्धन तथा रजतजयन्ती समारोह' आयोजना हुने भएको छ । बैँसीसहरमा पत्रकार सम्मेलन गरेर कार्यक्रमबारे जानकारी दिइएको हो ।

विसं २०५७ मा औपचारिक रूपमा ग्रामीण पर्यटनको सुरुआत गरेको घलेगाउँले २५ वर्ष पूरा गरेको अवसरमा आगामी वैशाख २३, २४ र २५ गते विशेष कार्यक्रम आयोजना गरिँदैछ । सो समारोहले घलेगाउँलाई थप पर्यटकीय केन्द्र बनाउने अपेक्षा गरिएको छ । घलेगाउँ पर्यटन व्यवस्थापन समितिको आयोजनामा हुने कार्यक्रममा स्थानीय संस्कृति, ग्रामीण भिलेज होमस्टे, साहसिक खेलकुद तथा विभिन्न सांस्कृतिक झलक प्रस्तुत गरिनेछन् । पर्यटन बोर्ड, स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवाला निकायको सहकार्यमा कार्यक्रम सम्पन्न गरिनेछ ।

घलेगाउँ पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार पर्यटन प्रवर्द्धनका लागि गुरुङ समुदायको परम्परागत नृत्य, झ्याउरे नाच, घाँटु नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति विशेष आकर्षणका रूपमा रहनेछन् । साथै पर्यटकलाई स्थानीय जीवनशैलीको अनुभव गराउन होमस्टे(घरबास) भ्रमण गराइनेछ । घलेगाउँलाई 'स्मार्ट भिलेज' का रूपमा विकास गर्ने लक्ष्यसहित यो कार्यक्रम आयोजना गरिँदैछ । वातावरणमैत्री प्रविधि, फोहर व्यवस्थापन, नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा डिजिटल पूर्वाधार विकासमा ध्यान दिइनेछ ।

उनका अनुसार कार्यक्रमअन्तर्गत ग्रामीण पर्यटनको भविष्य, आवश्यक नीतिगत सुधार, सार्वजनिक-निजी साझेदारीका अवसरबारे छलफल गरिनेछ । समारोहमा फुटसल, म्याराथन दौड, साइक्लिङ, साहसिक खेल आयोजना गरिनेछन् । विजेतालाई नगद पुरस्कार, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

फुटबल प्रतियोगितामा एमएससी क्लब बालिया (भारत), त्रिवेणी युवा क्लब बैँसीसहर, नाल्मा ११, बिवाइसी भोटेओडार, भूइँखेल फुटबल क्लब, अभिषेक चर्च, फ्रेण्डसिप युथ क्लब, गुन्नी फुटबल क्लब, सीवाईसी नेपाल तुरतुरे, रड्स रामपुर, एन्फा मनाङ र बैँसीसहर युथ सोसाइटी सहभागी हुनेछन् ।

## विद्युत् लाइन काटिएपछि ग्यास प्लान्ट अलपत्र

**भजनी–** कैलालीको टीकापुर नगरपालिकामा पाइप लाइनमार्फत घरघरमा पुगेको बायो ग्यास प्लान्टको विद्युत् लाइन काटिँदा ग्यास प्लान्ट अलपत्र भएको छ ।

नगरपालिका-५ स्थित सामुदायिक पशु चौपाया व्यवस्थापन गरिएको क्षेत्रमा निर्माण भएको बायो ग्यास प्लान्टको विद्युत् महसुल नतिर्दा विद्युत् लाइन काटिएको थियो । विद्युत् लाइन काटिएपछि ग्यास वितरणको काम पनि ठप्प भएको छ । आसपासका ५५ घरमा पुऱ्याइएको ग्यास बन्द भएपछि करोडौंको संरचना अलपत्र परेको छ । गोबरबाट ग्यास उत्पादन गरेर दैनिक चार घण्टा स्थानीयलाई ग्यास उपलब्ध गराउँदै आइएको थियो ।

गौशालामा पर्याप्त गोबर भए पनि ग्यास प्लान्ट बन्द भएको गौशाला सञ्चालन गर्दै आएको सामुदायिक पशुचौपाया व्यवस्थापन तथा प्रवर्द्धन समितिका अध्यक्ष लोकबहादुर बुढाक्षेत्री बताउँछन् । उनका अनुसार नगरपालिकाले विद्युत्को महसुल नतिरेका कारण ग्यास प्लान्ट बन्द भएको छ । 'दैनिक चार घण्टा ग्यास प्लान्ट सञ्चालन हुन्थ्यो । अहिले बिजुलीको लाइन काटेपछि बन्द भएको छ', उनले भने, 'हामीले बिजुलीको लाइन काटेको भनेर नगरपालिकालाई दुईपटक खबर गरिसकेका छौं । त्यसको सुनुवाइ भएको छैन ।'

उनका अनुसार नगरपालिकालाई ग्यास प्लान्ट समितिको मातहतमा सञ्चालनका लागि आग्रह गरेको भए पनि त्यसको सुनुवाइ भएको छैन । 'विद्युत्को लाइन काटेपछि पनि नगरपालिकालाई दुईपटकसम्म खबर गरेका छौं । पत्र पठाएका छौं । सुनुवाइ हुन सकेको छैन', उनी भन्छन्, 'प्लान्ट सञ्चालन गर्न सक्यो भने त्यो राम्रो आम्दानीको स्रोत बन्न सक्छ । त्यो हुन सकेको छैन । करोडभन्दा बढी लगानी धोस्त हुने स्थितिमा पुगेको छ ।'

विद्युत् प्राधिकरण टीकापुर वितरण केन्द्रका अनुसार विद्युत् लाइन गत पुस २२ गते काटिएको थियो । तिर्नुपर्ने रु १४ हजार ६४६ नतिरेपछि लाइन काटिएको वितरण केन्द्रका अधिकृत रामप्रसाद अधिकारीले जानकारी दिए । उनका अनुसार अहिले उक्त रकम जरिवाना थपिँदै रु २५ हजार १७२ पुगेको छ । 'लामो समयदेखि विद्युत् महसुल नतिरेका कारण लाइन काटिएको हो', उनले भने, 'बक्यौता तिरेपछि लाइन पुनः हामी जोडिदिन्छौं ।'

घरमा दैनिक पाइप लाइनबाट ग्यास आउन थालेपछि उत्साहित बनेका स्थानीय अहिले निराश भएका छन् । निरन्तरता हुने कुरामा सुरूदेखि शङ्कामा रहेका स्थानीय पुरानै स्थितिमा फर्किनुपरेको बताउँछन् । बायो ग्यासबाट खाना पकाउने बानी परेकाहरू पुनः एलपी ग्यासको सहारामा फर्किनुपरेको छ । जडान भएका उपकरणमा खिया लाग्न थालिसकेको छ । संरचना जीर्ण बन्दै गएका छन् । जडान भएदेखि ग्यास प्लान्टको मर्मतसम्भार हुन सकेको छैन ।

करिब रु एक करोड ६० लाख लगानीमा निर्माण सम्पन्न भएको उक्त ग्यास प्लान्टबाट पशु मलमूत्र, जैविक फोहर र कृषि अवशेषमार्फत बायोग्यास उत्पादन गर्ने लक्ष्य लिइएको थियो । ग्यास प्लान्ट सञ्चालनका लागि आवश्यक प्रविधि, दक्ष जनशक्तिलगायत कुराको पनि अभाव देखिएको छ । नगरपालिकाले उपभोक्तालाई प्रतियुनिट रु ४५ महसुल तिर्ने गरी कार्यविधि पनि बनाएको छ । स्थानीयले उक्त दररेट महँगो भन्दै असन्तुष्टि समेत व्यक्त गर्दै आएका छन् ।

स्थानीय उपभोक्ता रमेश सिंहले सरकारको बेवास्ताका कारण सञ्चालनमा आइसकेको ग्यास प्लान्ट बन्द भएको बताए । 'हामी उत्साहित थियौं, घरघरमा पाइपबाट ग्यास बाल्न पाइन्छ भनेर', उनी भन्छन्, 'केही महिना सञ्चालन भएको ग्यास प्लान्ट एकाएक बन्द भयो । फेरि त्यहीं एलपी ग्यासको सहायता लिनुपर्ने स्थिति आयो ।' दिनमा चार घण्टा उपलब्ध गराउँदै आएको ग्यास २४ सैं घण्टा हुने आशामा बसेका उपभोक्ता एकाएक ग्यास बन्द भएपछि निराश बनेको उनको भनाइ छ ।

नगरपालिकाको वन वातावरण तथा फोहर व्यवस्थापन उपशाखाका प्रमुख लोकबहादुर बुढाले उपभोक्ताले तोकेको मूल्य बढी भयो भन्दै विरोध गरेपछि प्लान्ट बन्द भएको बताए । 'कार्यपालिकाले प्रति युनिट रु ४५ तोकेको थियो । त्यो रकम बढी भयो भनेर उपभोक्ताले विरोध गर्दा बन्द गर्नुपरेको हो', उनले भने, 'चाँडै प्लान्ट सञ्चालनका हुने गरी समन्वय भइरहेको छ ।' *रासस*

## राष्ट्रिय विज्ञापन संघमा नयाँ नेतृत्व



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय विज्ञापन संघ नेपालमा नयाँ नेतृत्व चयन भएको छ । संघको पहिलो महाधिवेशनले प्रदिपप्रसाद कोइरालाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । मिडिया सोलुसन प्रालिका कोइरालाको नेतृत्वमा १४ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतरूपमा चयन भएको संघको निवर्तमान अध्यक्ष धर्मेन्द्रकाजी श्रेष्ठले जानकारी दिए ।

संघको प्रथम उपाध्यक्षमा सिटी एक्प्रेस मिडिया प्रालिका अमृतकुमार पन्थी, द्वितीय उपाध्यक्षमा एड चौतारीका आशिष खड्का, महासचिवमा मिडिया जर्नलमा विमल खड्का, सचिवमा नेपाल मिडिया हाउस प्रालिका नवराज निरौला, कोषाध्यक्षमा स्मारिका ट्रेडर्स प्रालिका अरुण आर्याल र सहकोषाध्यक्षमा सिगास मिडिया हव प्रालिका चन्द्रकान्ता अवस्थी सर्वसम्मत रूपमा निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता प्रदिप सत्यालले जानकारी दिए ।

सदस्यहरूमा स्वार्गद्वारी मिडिया प्रालिका बसन्त योगी, डच मिडिया प्रालिका रवि अर्याल, एमबिसस मिडिया प्रालिका राधाकुमारी ढकाल रोजी, प्रिन्ट प्रो इन्टरप्राइजेजका अनुप अधिकारी, के एण्ड आर जिटल मार्केटिङका कुलराज भट्टराई, पोलिसी मिडिया प्रालिका सविन पोखरेल, नेशनल डिया सर्भिस प्रालिका अदिप पाठक निर्वाचित भएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ